# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ११ | २०७३ भदौ १३ गते सोमबार | Monday, Aug 29, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## म क्रान्तिकारी माओवादीको दृढ समर्थक हुँ : अमृतबहादुर घर्ती मगर 'आभाष'



**बाग्लुङ ।** बाग्लुङ जिल्ला निवासी अमृतबहादुर घर्तीमगर' आभाष'ले श्रावण ३० मा एक विज्ञप्ती जारी गरी आफू नेकपा (क्रान्तिकारी माओवादी)को दृढ समर्थक रहेको जनाएका छन् । यहि २०७३ साल श्रावण २९ गतेको नयाँ पत्रिका दैनिकलगायतले प्रकाशित गरेको ने.क.पा. (माओवादी केन्द्र) को केन्द्रीय समितिको बाग्लुङ जिल्लाको कार्यकर्ताहरुको नामावलीसंगै मेरो नाम पनि राखेकोप्रति विरोध गर्दै आफू माकेमा नरह गरेको घर्तीमगरले जनाएका छन् ।

माकेले सार्वजनिक नामावलीबाट कोही पनि भ्रममा नपर्न घर्तिमगरले सबैमा आग्रह गरेका ... बाँकी ७ पेजमा

## किन बढिरहेको छ सडक दुर्घटना ?

**चितवन ।** पछिल्ला दिनमा सडक दुर्घटना बढेर गएको छ । २२ जनाको ज्यान जाने गरी शुक्रबार बिहान त्रिशुलीमा भएको बस दुर्घटनामा परेकामध्ये अझै ६ जनाको कुनै अतोपतो छैन । प्रहरीले चार जना बेपता भने परिवारजनले ६ जना बेपता भएको दाबी गरेका छन् ।

भारतको बिहारका फेकु राय, राम प्रवेश रायका साथै रौतहटको मुडवलवा-२ का रामबालक जयसवाल, वडा नं ३ का रविरञ्जन यादव र वडा नं ८ का मुकेश रामको अझै पत्तो नलागेको परिवारजनका सदस्यले बताएका छन् भने चारवटा शव अझै चिन्न सहिएको छैन । गौरबाट पोखराका लागि हिंडेको ग १ ख ३७०१ नम्बरको यात्रुबाहक बस शुक्रबार बिहान करिब साढे ३ बजे त्रिशुली नदीमा खस्दा २२ जनाको मृत्यु भएको थियो । तर, प्रहरीले घटनास्थलमा भेटिएका १८ शवको सनाखत गरे पनि अझै ४ वटा शवको सनाखत हुन सकेको छैन ।

रौतहटका मृतकमध्ये १८ जनाको सनाखत भएको छ । सनाखत भएका मध्ये १६ शवलाई रौतहट ल्याइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । ४ जना भारतीय सहित १२ जना रौतहटका व्यक्तिको शव परिवारजनले चितवनबाट ल्याएको प्रहरी नायब ... बाँकी ७ पेजमा

# 'शक्ति बन्दुकको नालबाट जन्मन्छ'

◆ **वर्गदृष्टि संवाददाता**

*काठमाडौं ।*



पार्टी कार्यालयमा भेट्न आएको एक चिनियाँ टोलीसँग कुराकानी गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले आफ्नो पार्टी माओको 'शक्ति बन्दुकको नालबाट जन्मछ' भन्ने भनाइमा विश्वास राख्ने पार्टी भएको बताएका छन् । द एकाडेमी अफ चाइना एण्ड वर्ल्ड एजेण्डाजका डेप्युटी डिन डा. सुन लिजोङ नेतृत्वको प्रतिनिधि मण्डलसँग कुराकानी गर्दै अध्यक्ष किरणले नेपालमा जनवादी क्रान्ति सम्पन्न गर्न सशस्त्र संघर्षको विकल्प नरहेको कुरा बताए ।

इन्स्टीच्यूट अफ हिमालय स्टडिजका इक्सक्यूटिभ डाइरेक्टरसमेत रहेका लिजोङले राखेको जिज्ञासाको जवाफ दिंदै अध्यक्ष किरणले प्रचण्ड-बाबुरामले पार्टीको नीति र एजेण्डा छाडेकाले आफूहरुले अलग पार्टी निर्माण गरेको बताउँदै प्रचण्डहरु संसदीय व्यवस्थामा विलिन भए तर आफूहरु संसदीय व्यवस्थाका विरुद्ध नेपालमा नयाँ जनवादी व्यवस्था स्थापित गर्ने आन्दोलनमा लागिरहेको बताए ।

आइतबार कुराकानीको क्रममा चीनमा माओले च्याकाइसेकसँग सम्झौता गर्दा क्रान्तिलाई सफल बनाउने उद्देश्य राखेर गरेको र आफ्नो शक्तिलाई इनट्याक राखेर मात्र कार्यनीतिक रुपमा सम्झौता गरेको प्रसंग कोट्याउँदै अध्यक्ष किरणले प्रचण्ड-बाबुरामले भने आफ्नो सेना, सत्ता, आधारइलाका सबै प्रतिक्रियावादीसत्तालाई बुझाएर पूरै आत्मसमर्पण गरेकाले आफूहरु प्रचण्डहरुसँग अलग भएको बताए । उनले सो अवसरमा क्रान्तिको आवश्यकता अनुसार संसद र सरकारलाई उपयोग गर्न सकिने भन्दै नेपालमा नामका कम्युनिष्ट धेरै भए पनि कामका कम्युनिष्ट थारै रहेको उल्लेख गरे ।

यसैबीच, पार्टीको पश्चिमी कमाण्डको बाँकेको नेपालगंजमा १० भदौमा सम्पन्न कार्यकर्ता प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष किरणले सच्चा माओवादीहरु जनवादी क्रान्तिकै लागि लडिरहेको बताएका छन् । सामन्तवादको अन्त्य गर्ने र राष्ट्रिय स्वाधीनता हासिल गर्ने नयाँ जनवादी क्रान्तिको दुई कार्यभार रहेको भन्दै अध्यक्ष किरणले चीनमा १९११ मा राजतन्त्र उन्मुलन भएपनि सामन्तवादको अन्त्य नभएको प्रसंग कोट्याए । भारतमा पनि लोकतान्त्रिक गणतन्त्र भएपनि त्यहाँका सच्चा माओवादीहरू नयाँ जनवादी क्रान्तिकै लागि लडिरहेका बताए । सामन्तवाद राजतन्त्रको अन्त्यपछि अलिकति कमजोर भएको तर पुँजीवादको विकास प्राविधिक दृष्टिले भएको भएपनि अहिले नेपालमा वैदेशिक प्रतिक्रियावादले शासन सञ्चालन गरिरहेको उल्लेख गरे । उनले भने, "यो नवउपनिवेशिक स्थिति हो । दलालहरू मार्फत् शासन चलिरहेको छ । एमाओवादीकै कुरा गर्दा पनि भारतको विरुद्व सङ्घर्ष गरेर संविधान बनायौँ भनेर राष्ट्रवादको हौवा चलाइयो । यो सबै ढौंग मात्र हो । संविधान बनाउने बेला मोदीको समर्थन नभएपनि कांग्रेस आइ र अमेरिकीहरूको समर्थन थियो ।" अहिले ... बाँकी ६ पेजमा

## यो सत्ता मजदुरहरुलाई ठगेर खानेहरुको सत्ता हो : शर्मा

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्माले वर्तमान सत्ता मजदुरहरुलाई ठगी खानेहरुको सत्ता भएको बताएका छन् । शनिबार अखिल नेपाल क्रान्तिकारी सेक्युरिटी संघको तेस्रो राष्ट्रिय भेलालाई सम्बोधन गर्दै नेता शर्माले यस्तो बताएका हुन् । माओवादी आन्दोलनमा पुराना स्थापित मजदुर नेताको रुपमा चिनिने क्रान्तिकारी माओवादीका नेता शर्माले भने, "युगौदेखि हामी शोषित-उत्पीडित छौं तर हाम्रो समस्या समाधान भएको छैन । हरेक चिजको निर्माण मजदुरहरुले नै गर्छन् तर मजदुर भने भोकै बाँच्नुपर्ने स्थिति छ ।" मजदुर आन्दोलनमा देखिएका समस्याहरुतर्फ लक्षित गर्दै उनले भने, "साम्राज्यवादी, विस्तारवादीहरुले मजदुरका नेताहरुलाई किनिदिन्छन् र आन्दोलनलाई तुहाइदिन अनेक जालझेल र षड्यन्त्र गर्छन् ।"

संगठनको ड्रेसमा सेक्युरिटी मजदुरहरुको उत्साहजनक उपस्थिति रहेको भेलामा क्रान्तिकारी माओवादीका केन्द्रीय नेताहरु बद्री बजगाइँ, मजदुर नेता इश्वर तिम्सिनालगायत नेताहरुको उपस्थिति रहेको थियो ।

## रायमाझी आयोगका दोषी कार्की फेरि छानविनमा

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

रायमाझी आयोगले ०६२/०६३ मा भएको जनआन्दोलनको दोषी ठहर गरेका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख  लोकमानसिंह कार्कीलाई सर्वोच्च अदालतले फेरि छानविनमा राखेको छ । सर्वोच्चले आदेश जारी गर्दै कार्कीका सम्बन्धमा रहेका विवादास्पद फाइलको सक्कल विवरण उपलब्ध गराउन सरकारको नाममा आदेश जारी गरेको छ ।

सर्वोच्चले कार्कीलाई प्रमुख आयुक्त सिफारिस गर्दा संवैधानिक परिषद्घा भएको विवादास्पद निर्णय, जनआन्दोलन दबाउने कार्यमा भूमिका भए/नभएको निर्णय र उमेर विवादमा समान्य प्रशासन मन्त्रालयमा रहेको रेकर्डलगायत अन्य विवरणको सक्कल फाइल पठाउन आदेश गरेको हो । कार्कीविरुद्ध दायर गरेको दोस्रो रिटमा शुक्रबार सुनुवाइ गर्दै न्यायाधीशहरू दीपकुमार कार्की, विश्वभरप्रसाद श्रेष्ठ र इश्वर खतिवडाको पूर्ण इजलासले कार्कीको सम्बन्धमा विवादास्पद भनिएका फाइल सक्कलै प्रति झिकाई उनीविरुद्ध दायर निवेदन अर्को पेसीमा चढाउन भनेको हो ।

रायमाझी आयोगको प्रतिवेदनमा दोषी भनिएका तथा भन्सारको सुन भ्रष्टाचार मुद्दामा प्रतिवादी ... बाँकी ६ पेजमा

## प्रम आफैले गरे संविधानको उलङ्घन

**काठमाडौं ।** संविधानले राज्यको हरेक निकायमा समावेशी समानुपातिकको कल्पना गरे पनि त्यस अनुरुप मन्त्री परिषद् गठन नगरेर माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले संविधानको उलंघन गरेको सर्वत्र चर्चा हुन थालेको छ । दाहालले चौथोपटक मन्त्रिपरिषद् विस्तार गरी ३१ सदस्यीय पुर्‍याउँदा महिलाको संख्या अत्यन्तै न्यून रहेको छ । जबकि संविधानले नै राज्यका हरेक निकायमा महिलाको संख्या ३३ प्रतिशत हुनुपर्ने अनिवार्य गरेको छ । सरकारमा अहिलेसम्म कांग्रेस, माओवादी, राप्रपा र नेकपा संयुक्त गरी चार दल सहभागी हुँदा महिला भने तीन जना मात्रै मन्त्री बनाइएका छन् । त्यसमा पनि दुई जना राज्यमन्त्री रहेका छन् ।

संविधानको धारा ४२ (१) मा सामाजिक रूपले पछि परेका महिला, दलित, जनजाति, आदिवासी, मधेसी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस-आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यका हरेक निकायमा सहभागिताको हक हुनेछ भनी उल्लेख गरिएको छ । तर, दाहाल नेतृत्वको सरकारमा भने संविधानले व्यख्या गरेअनुसार समानुपतिक समावेशिता नदेखिएको भन्दै सडकमै आवाज उठ्ने स्थिति पैदा भएको छ । समावेशी र समानुपातिकतालाई नै संविधानको प्रगतिशिल अन्तर्वस्तु भनेर घोक्रो सुकुन्जेल चिच्याउनेहरु प्रधानमन्त्रीले नै संसदवादी संविधानको धज्जी उडाए पछि विलखबन्दमा परेका छन् ।

## प्रमको आसन्न भारत भ्रमण र राष्ट्रहित रक्षाको प्रश्न

प्रधानमन्त्री पुष्पकमल दाहालले निकट भविष्यमा भारत भ्रमण गर्ने कुरा निश्चित भएको छ । यो भ्रमणको विषयलाई लिएर राष्ट्रिय स्तरमा एक प्रकारको बहस छलफल भइरहेको छ । आफ्नो देशको प्रधानमन्त्री छिमेकी देशको भ्रमणमा गएर राष्ट्रिय हितको लागि सन्धिसम्झौता हुन्छ भन्ने कुरामा आम नेपाली ढुक्क हुनुपर्ने र शीर ठाडो हुनुपर्ने हो । तर आज बहस राष्ट्रिय हीतविपरीत सन्धिसम्झौता हुने हो कि भन्ने शंकाको घेरामा भइरहेको छ । अन्य पार्टी र जनसमुदायको त कुरै छोडौं स्वयम् प्रधानमन्त्रीको पार्टी माओवादी केन्द्रमा समेत यस प्रकारको सन्देह उत्पन्न भएको छ । एक राष्ट्रिय दैनिकका अनुसार माओवादी केन्द्रभित्र गठन गरिएको सरकार सञ्चालन सहयोग समितिका नेताहरुले नै निजगढ-काठमाडौं द्रुतमार्ग, नौमुरे जलविद्युत परियोजना र पुलिस एकेडेमीमा भारतीय सहयोग नलिन प्रधानमन्त्रीलाई सुझाव दिइएको छ । उक्त समाचारमा यो पनि भनिएको छ कि प्रधानमन्त्री दाहालले भारत भ्रमणका सन्दर्भमा नौमुरे जलविद्युत परियोजना र पुलिस एकेडेमी निर्माण गरिदिन भारतलाई प्रस्ताव गर्ने जानकारी सरकार सञ्चालन सहयोग समितिको बैठकमा गराएका थिए । यसबाट के प्रष्ट भइसक्यो भने आन्तरिक रुपमा त्यस प्रकारको सहमति भइसकेको छ । प्रधानमन्त्रीको भारत भ्रमणको अवसरमा त्यसलाई औपचारिकता दिइनेछ । यी कुराहरुले प्रधानमन्त्रीको भारत भ्रमणको अवसरमा अरु राष्ट्रहीतविपरीत सन्धिसम्झौता हुने ठूलो सम्भावना छ । यस्तो हुन नदिन देशभक्त नेपाली जनताले सशक्त आवाज उठाउन जरुरी छ । माओवादी केन्द्रको सरकार सञ्चालन सहयोग समितिले निजगढ-काठमाडौं द्रुतमार्ग, नौमुरे जलविद्युत परियोजना र पुलिस एकेडेमीमा भारतीय सहयोग नलिन सुझाव त दियो तर त्यो सहयोग समितिले पनि अपर कर्णाली, लिपु लेक, सीमा अतिक्रमणजस्ता राष्ट्रिय हितका पक्षमा कुराहरु उठाउन कुनै सुझाव दिएको पाइएन ।



रामसिंह श्रीस

नेकपा (क्रान्तिकारी माओवादी)बाट बहिर्गमित हुने बादल-गुरुङजस्ता व्यक्तिहरु, जसले हिजो अपरकर्णालीको पिडिए सम्झौता र लिपुलेकसम्बन्धी भारत-चीनबीच भएको सम्झौताको विरोधमा खरो उत्रिएका थिए । तर अहिले माओवादी केन्द्रमा गएपछि चुप लागेर बसेका छन् । त्यसले के बताउँछ भने स्वयम् माओवादी केन्द्र नै यो वा त्यो रुपमा भारतीय सत्ताधारी शासकपरस्त भइरहेको छ । जनताबाट तत्काल नांगिने विषयहरुमा मात्र उनीहरु अगाडि बढ्न हिच्किचाइ रहेका छन् । माओवादी केन्द्र भारतीय प्रतिक्रियावादी शासकपरस्त हुँदै गएको कुरा भारतीय कम्युनिष्ट पार्टी माओवादीले मे २०, २००६ मा नै एउटा खुलापत्रद्धारा भनेको थियो । उक्त खुलापत्रमा भनिएको छ, "बाबरी मस्जिदको ध्वंश, गुजरातमा गरिएको कत्लेआम, मुस्लिम, क्रिश्चियनविरुद्धको आक्रमणजस्ता घटनाहरुको जिम्मेवार फाँसिवादी हिन्दू पार्टीका नेता राजनाथ सिंहसँगको कुराकानीमा प्रचण्डले आयोद्याको विषयमा आफू सहमत भएको र दुई देशबीचको साझा साँस्कृतिक विरासतको बारेमा बोलेका थिए । मनमोहन सिंहलाई अँगालो हाल्दै प्रचण्डले नयाँ संविधान निर्माणमा भारतले नेपाललाई सहयोग गर्नुपर्छ भन्ने प्रस्ताव गरे ।"

नेपालको सार्वभौमिकता भारतीय शासकलाई बुझाउने प्रचण्डको कुरा नेपाल र भारत दुवै देशका जनताको लागि लाजमर्दो कुरा बन्न गएको छ । भारतीय संविधानको जनविरोधी र साम्राज्यवादसमर्थक वर्गीय चरित्रको बारेमा हाम्रो पार्टीको अडानबारे प्रचण्डलाई राम्रोसँग थाहा छ । तैपनि उनै प्रचण्डले नेपालको संविधानको मस्यौदा गर्दा भारतकै सहयोग चाहिने कुरा गर्छन् । यो एउटा व्यहारिक र शिष्टाचारको कुरा मात्र होइन । यो मार्क्सवादी-लेनिनवादी दृष्टिकोणबाट विचलन समेत हो । र यो अभिव्यक्ति आजसम्म माओवादीले भन्दै आएको राष्ट्रिय भावनाको विरुद्ध समेत छ । माओवादी केन्द्रले विगतमा सरकारमा हुँदा नौमुरे जलविद्युत परियोजना, विप्पाजस्ता सन्धिसम्झौता, जो राष्ट्रहीत विपरीत छन्, गरे । त्यसले पनि माओवादी केन्द्रप्रति ठूलो शंका पैदा भएको छ ।

राष्ट्रहीत विपरीत सन्धि सम्झौता हुने सम्भावना बढी हुनुमा अर्को प्रमुख आधार हो, नेपाली कांग्रेस । नेपाली कांग्रेसको सरकार भएको बेलामा नै सबैभन्दा बढी राष्ट्रहीतविपरीत सन्धिसम्झौता भएका छन् । कोशी सम्झौता, गण्डकी सम्झौता, महाकाली सन्धिलगायत भारतसँग थुप्रै असमान सन्धिसम्झौता नेकाकै सरकारको पालामा भएका छन् । भर्खर प्रारम्भ भएका उद्योगधन्दाहरुलाई ... बाँकी २ पेजमा

## सम्पादकीय

# सार्वजनिक यातायातको बढ्दो जोखिम

बढ्दो सवारी दुर्घटनाले सार्वजनिक यातायातलाई एकदमै जोखिमपूर्ण बनाएको छ । दिनदिनै यति ठूलो मानवीय क्षति हुँदा पनि सडक दुर्घटना स्वभाविक र नियमित जस्तो हुन थालेको छ । दुर्घटनाका कारणहरु पहिल्याउँदै जाँदा अन्ततः राज्य र राज्यको प्रणाली नै मुख्य जिम्मेवार देखिन्छ ।

हालै काभ्रे, चितवन, बैतडी, धनकुटा लगायतका जिल्लामा भएका सवारी दुर्घटनाले आम नेपाली नागरिकलाई निकै दुखित तुल्यायो । पछिल्लो दुई महिनामा मात्र सवारी दुर्घटनामा परी २ सय जनाको मृत्यु र झन्डै ६ हजारको हाराहारीमा यात्रु घाइते भएका छन् । गत वर्षको तथ्यांक मात्र हेर्ने हो भने पनि दैनिक झन्डै ६ जनाले सवारी दुर्घटनाबाट ज्यान गुमाएका छन् । यो भनेको अघिल्लो वर्षको तुलनामा १० प्रतिशत बढी हो । नेपाल प्रहरीको १० वर्षको तथ्याङ्कलाई हेर्ने हो भने सडक दुघर्टनाबाट नेपालमा १६ हजार तीन सय १५ जनाको मृत्यु, एक लाख २० हजार चार सय ५० जना घाइते भएका छन् । वर्षेनी २३ करोड हाराहारीको क्षतिको भार देशले बोक्नुपरेको छ । नेपालको सार्वजनिक यातायात कति असुरक्षित छ भन्ने कुरा तथ्यांकले देखाउँछ ।

नेपालमा हाल ८० हजार किमिको सडक सञ्जाल छ, जसमध्ये करिब २७ हजार किमि सडक विभागले बनाएको हो भने बाँकी ५३ हजार किमि स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागमार्फत् निर्माण भएका छन् । त्यसमध्ये १७ प्रतिशतमात्र सवारी यातायातका हिसाबले सुरक्षित मानिन्छ । अधिकांश सडक असुरक्षित छन् ।

भौगोलिक अवस्थाका कारण अधिकांश सडक उकालो-ओरालो भएका, साँघुरो घुम्ती भएका, खाल्टाखुल्टी भएका, लेन मार्किङ नभएका, साइड बार नभएका, दुईतर्फी आवत-जावतका लागि सडक नछुटाइएका, साँघुरो लेन भएका छन् । पूर्ण रूपमा इन्जिनियरिङको मापदण्ड पालना नभएकाले पनि सडक दुर्घटनाको जोखिम ज्यादा भएको सडक विज्ञहरु बताउँछन् । यसरी सडक संरचनामा कमजोरी भएका कारणले दुर्घटना दिनानुदिन बढिरहेको उनहरुको ठहर छ । यस्ता सडकमा चालकको साना असावधानीमा पनि दुर्घटनाको जोखिम उच्च हुन्छ । बर्षेनी सडक मर्मत र सडक विस्तारका लागि अरबौं बजेट छुट्याइन्छ तर कमिसनको डरलाग्दो चलखेलका कारण अधिकांश सडकको काम आर्थिक वर्षको अन्तिममा बजेट सिद्धयाउने उद्देश्यले मात्र गरिन्छ । जसले गर्दा सडकमा लगानी बढी देखिएपनि गुणस्तरीय काम भएको हुँदैन । जनताको आँखामा छारो हाल्ने काम मात्र भएको हुन्छ । यसप्रति राज्य पूरै उदासिन देखिएको छ । र, नागरिक दबाब पनि देखिएको छैन ।

सवारी लाइसेन्समा कडाइ, सडकको दुरावस्थामा सुधार, सवारी सिण्डिकेटको अन्त्य, सवारी साधनको क्षमताको चेकजाँज (पुराना सवारीहरुको विस्थापन), सडक प्रयोगकर्ताको सजगता, नियम कानुन उल्लंघनलाई कडा नीतिको दायरामा ल्याउने काम गर्न सकिएको अवस्थामा सवारी दुर्घटनालाई कम गर्न सकिन्छ । तर यसप्रति सबैभन्दा बढी जिम्मेवार राज्य देखिनुपर्छ । निरन्तर जनचेतना अभियानलाई पनि बढावा दिन जरुरी छ । सबैभन्दा मुख्य कुरा राज्यमेसिनरीमा हुने संस्थागत भ्रष्टाचार र कमिसन नै सडक दुर्घटनाको कारणमध्ये मुख्य भएकोले यसलाई नियन्त्रणसहित निषेध गर्न निकै ठूलो जनदबाबको उठान गर्न जरुरी छ । गुणस्तरीय सडक निर्माण, सवारी लाइसेन्स वितरण, पुराना गाडीहरुको सञ्चालन, सिण्डिकेटवालहरुको बद्मासी, ट्राफिक तथा सवारीसम्बन्धी अन्य ऐन कानूको कार्यान्वयनमा सरकारी निकायमा हुने संस्थागत भ्रष्टाचार र कमिसन नै मुख्य जिम्मेवार रहेको छ । यसको अन्त्य जनदबावबिना अन्त्य हुने देखिन्न । राजनीतिक पार्टीहरु, नागरिक समाज, पत्रकारलगायत राज्यका सबै जिम्मेवार नागरिक र निकाय यस विषयमा गम्भीर बन्न जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# क्रान्तिकारी पार्टी निर्माणको प्रश्न



दिनेश शर्मा

*"क्रान्तिकारी पार्टी ज्यादै जरुरी छ, किनभने संसारमा त्यस्ता वर्गशत्रुहरु छन्, जसले जनतामाथि उत्पीडन गर्छन् र जनता भने शत्रुबाट हुने उत्पीडनको जरो उखेल्न चाहन्छन् । पुँजीवाद र साम्राज्यवादको युगमा ठीक कम्युनिस्ट पार्टी जस्तै एउटा क्रान्तिकारी पार्टीको खाँचो हुन्छ । यस्तो पार्टीबिना जनताका हातबाट शत्रुको उत्पीडनको जरो उखेल्न एकदमै असम्भव हुन्छ । हामी कम्युनिस्ट हौं । शत्रुको तख्ता पल्टाइदिने काममा हामी जनताको नेतृत्व गर्न चाहन्छौं । तसर्थ हामीले आफ्नो पंक्तिलाई एकदम सुव्यवस्थित राख्नुपर्छ । हामीले पाइला मिलाएर अघि बढ्नुपर्छ । हाम्रा फौजहरु अब्बल दर्जाका पल्टन हुनुपर्छ र हाम्रा हतियारहरु असल हतियार हुनुपर्छ । यी शर्तहरु पूरा नगरीकन शत्रुको तख्ता पल्टाउन सकिँदैन ।"* - ***क. माओ, पार्टीको कार्यशैली सुधार, १ फरबरी १९४*** स्वर्गीय समाजमा वर्ग अन्तरविरोध अनिवार्य शर्त हो । जब समाजमा अन्तरविरोध हुन्छ, तब अन्तरविरोधले वर्गसंघर्षलाई निम्याउँछ । वर्गसंघर्ष जब क्रमशः बढ्दै जान्छ, त्यसले एउटा बिन्दुमा गएर फड्को मार्छ, त्यतिबेला एउटा वर्गले हार्छ र अर्को वर्गले जित्छ । समाज विकासका क्रममा यो शिलशिला निरन्तर रुपमा जारी छ । समाज विकासका निमित्त यो एउटा अनिवार्य नियम नै हो । वर्गसंघर्षको यो निरन्तरतालाई गहिरो अध्ययन अनुसन्धान विस्तृत विश्लेषणसहित यसको निष्कर्षका रुपमा मार्क्सवादले सही र वैज्ञानिक तरिकाबाट समाधान दियो । मार्क्सवादी विज्ञानलाई प्रयोग गरेर विश्वका कयौं देशका क्रान्तिकारी सर्वहारा वर्गले प्रयोग गरे र सही भएको कुरा देखाइदिए । मार्क्सवादी विज्ञानलाई विश्वका सर्वहारा वर्गले वर्गसंघर्षको माध्यमबाट सही सावित मात्र होइन, मार्क्सवादलाई थप विकास गर्दै लेनिनवाद र माओवादको तहमा विकास गरे । आज विश्वको सर्वहारा वर्गको मुक्तिको एकमात्र वैज्ञानिक हतियार भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद हो । मालेमावादका आधारभूत सिद्धान्तलाई आत्मसात नगरिकन र त्यसलाई व्यवहारमा सृजनात्मक तवरबाट प्रयोग र विकास गर्ने हिम्मत नगरीकन सर्वहारा वर्गको मुक्ति सम्भव पनि छैन ।

हामीले केवल मालेमावादको वैचारिक हतियारको मात्र कुरा गर्‍यौं भने त्यो केवल कोरा सिद्धान्त बन्न जान्छ । मालेमावाद भनेको प्रयोग र विकास हो । त्यसका निमित्त विचारसहितको एउटा नेता कार्यकर्ताको टिम चाहिन्छ । विचार, कार्यशैली र बुझाईमा एकरुपता भएको विश्वाससहितको पार्टीको आवश्यकता पर्दछ । मार्क्सदेखि माओसम्मले कम्युनिस्ट पार्टीको निर्माण र त्यसको परिचालनमा व्यापक जोड दिँदै आउनुभएको छ । मुख्यतः लेनिन, स्टालिन र माओले विश्व सर्वहारा वर्गको मुक्तिका निमित्त क्रान्तिलाई अगाडि बढाउन कम्युनिस्ट पार्टी निर्माणको ऐतिहासिक महत्वमाथि अत्यन्तै जोड दिँदै आउनुभयो । कम्युनिस्ट पार्टी मात्र होइन कम्युनिस्ट पार्टीले लिने विचार, सिद्धान्त र यसले गर्ने काम कार्यवाहीका विषयमा समेत सुन्दर तवरबाट व्याख्या, विश्लेषण र संश्लेषण गर्दै आउनुभएको छ । त्यसैले आजको विश्वमा सर्वहारा वर्गले आफ्नो वर्गमुक्तिको लडाईं लड्नका खातिर माओले भनेझैं एउटा क्रान्तिकारी पार्टी निर्माण गर्न जरुरी छ ।

समाजवादको दबदबा रहेको आजको विश्वमा सर्वहारा वर्गले आफ्नो विचारलाई धारिलो बनाएर खार्नका निमित्त गहिरो अध्ययनका साथै विचारलाई वर्गसङ्घर्षको भट्टीमा प्रयोगको आवश्यकता छ । किनकि साम्राज्यवादले आफ्नो वर्गको हितका निमित्त कतिपय प्रविधिको विकास गर्नुका साथै उक्त प्रविधिको व्यापारद्वारा विश्वका उत्पीडित जनतालाई ठगेर भित्र्याएको कालोधनको बलमा निर्माण गरिएका आधुनिक हातहतियारको बलमा आन्दोलनलाई दबाउन होस् या आँखा र कान टट्टाउने गरी प्रचार गरिएका पुँजीवादी संस्कृति होस् या अन्य कुनैपनि विषयवस्तु होउन्, सबै विषयवस्तुले एकातिर मार्क्सवादको अर्धज्ञान भएका व्यक्तिहरुमा व्यापक भ्रम पार्ने गरेको छ । साम्राज्यवादी दमन, उत्पीडन र भ्रम त छँदैछ, अर्कोतिर कथित मार्क्सवादको खोल ओढेका संशोधनवादी गद्दारहरुको पलायनता तथा वर्गदुश्मनका अगाडि आत्मसमर्पणका गतिविधिले समेत सर्वहारा वर्गीय आन्दोलन वा क्रान्तिलाई काफी मात्रामा क्षति पुर्‍याउँदै आएका छन् । मालेमावादको उच्च वैज्ञानिक विचारलाई ध्वस्त बनाएर पुँजीवादी साम्राज्यवादी वर्गको सत्तालाई मजबुत बनाउन साम्राज्यवाद र संशोधनवादको कतै न कतै एकता र गठजोड छ ।

क्रान्ति पूरा गरेर निर्माण भएका सर्वहारा वर्गका समाजवादी, नयाँ जनवादी सत्ताको गला रेट्ने मात्र होइन, सर्वहारा वर्गले क्रान्तिको तयारी गर्दै गर्दा होस् या क्रान्ति घनिभूत रुपमा अगाडि बढाउँदै गर्दा होस्, साम्राज्यवाद र संशोधनवादले सर्वहारा वर्गको पार्टीलाई भित्र र बाहिर दुवैतिरबाट कमजोर बनाउने कार्यमा हर हमेशा लागिरहेकै छन् । सर्वहारा वर्गको पार्टीभित्र कमजोर ज्ञान चेतना भएका व्यक्तिहरुलाई काफी मात्रामा भ्रम दिएर पार्टीलाई टुटाउने, फुटाउने र कमजोर बनाएर दमन गर्न आधार तयार पार्ने गरेका कयौं दृष्टान्तहरु हाम्रा अगाडि ताजै छन् । सर्वहारा वर्गको क्रान्तिलाई अगाडि बढाउन सर्वहारा वर्गका सच्चा प्रतिनिधिहरुले अहिलेसम्मका अनुभवहरुलाई गहिराईका साथ बुझ्न र त्यसलाई तदारुकताका साथ व्यवहारमा लागु गर्न आवश्यक छ । पार्टीभित्रका गैरसर्वहारा वर्गीय चिन्तन प्रवृत्तिलाई समयमै चिनेर त्यसलाई परास्त गर्न आवश्यक छ । अन्यथा क्रान्ति असम्भव छ ।

विश्व सर्वहारा वर्गीय क्रान्तिको एउटा टुकुडीको रुपमा रहेको नेपालको सर्वहारा वर्गीय क्रान्ति पनि त्यसबाट अछुत रहन सकेन । सर्वहारा वर्गको अग्रदस्ता नेपाल कम्युनिस्ट पार्टीको स्थापनासँगै कम्युनिस्ट पार्टी भित्र यो वा त्यो नाममा पार्टीभित्र घुस्न पुगेका गद्दारहरुले क्रान्तिलाई तहसनहस बनाउँदै आएका छन् । मालेमावादले अंगिकार गरेको आधारभूत प्रश्नलाई बंग्याएर होस् या वैचारिक बहसका नाममा घोर सुधारवादी बखेडा झिकेको होस्, नेपालको सर्वहारा वर्गको पार्टीलाई कमजोर बनाउने काम गर्दै आएका छन् । केशरजंग रायमाझी, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, मदन भण्डारी, माधवकुमार नेपाल, झलनाथ खनालदेखि खड्ग ओलीसम्म । मोहनविक्रम सिंह, बाबुराम भट्टराई, प्रचण्डदेखि बादलसम्मका हस्तीहरु यो वा त्यो नाममा सर्वहारा वर्गको क्रान्तिलाई छाडेर साम्राज्यवाद, सामन्तवाद, विस्तारवादका अगाडि घुँडा टेकेका व्यक्ति हुन् । कम्युनिस्टका नाममा सर्वहारा आन्दोलनमा सर्वहारा वर्गको पार्टीभित्र घुसेका अन्य कतिपय व्यक्तिहरु पनि नभएका होइनन् । तर माथि उल्लेखित व्यक्तिहरुले सर्वहारा वर्गको पार्टी तथा क्रान्तिलाई सबैभन्दा बढी क्षति पुर्‍याउने व्यक्तिहरु हुन् । यतिबेला सबैप्रकारका धोखाधडी र गद्दारीका विरुद्ध निर्ममतापूर्वक संघर्ष गरेर सर्वहारा वर्गको विचारको रक्षा गर्नु र क्रान्तिद्वारा त्यसको विकास गर्नु भनेको कम चुनौतिको विषय होइन ।

सर्वहारा वर्गको अग्रदस्ता एकमात्र क्रान्तिकारी पार्टी नेकपा (क्रान्तिकारी माओवादी)लाई चुस्त, दुरुस्त, एकताबद्ध र क्रान्ति गर्न योग्य पार्टी बनाउन पार्टीभित्र रहेका कयौं भ्रमहरुलाई चिर्न आवश्यक छ । पछिल्लो पटक बादल गुटले तहसनहस बनाउन खोजेको क्रान्तिकारी आन्दोलनको रक्षाको खातिर हामी सबै मिलेर संघर्ष गर्‍यौं । एक हदसम्म त्यसलाई परास्त गर्‍यौं र गर्दै आएका पनि छौं । अब हामीभित्र रहेका कयौं अपुगतालाई पूर्णता दिने र हाम्रा आफ्नै दिल दिमागमा रहेका गैर माओवादी चिन्तनका विरुद्ध आफूले आफैभित्रको संघर्ष आवश्यक छ । हामीभित्र रहेका खराबीका विरुद्ध के निर्ममतापूर्वक संघर्ष गर्ने साहस गर्न सक्छौं ? यो हामीमाथि खडा भएको चुनौतिपूर्ण प्रश्न हो । यो प्रश्नको जवाफ अब केवल मुखले मात्र दिएर पुग्दैन । त्यसको जवाफ हाम्रा सोचाईहरु, बुझाईहरु र जीवन व्यवहारबाट दिनुपर्छ र एउटा क्रान्तिकारी लडाकु र क्रान्ति गर्न लायक पार्टीको निर्माण गर्नुपर्दछ । परिवर्तनका पक्षधरहरुले हामीलाई यही विन्दुमा के गर्छन् भनेर हेरिरहेका छन् । क्रान्तिका लागि वस्तुगत आधारहरु परिपक्व बन्दै गएका छन् । हामीले तयार पार्ने भनेको आत्मगत अवस्था हो । यसका लागि हामी आफू बदलिन आवश्यक छ । सर्वहारा वर्गको मुक्तिको प्रश्नलाई केन्द्र बिन्दुमा राखेर हामी सबैले सोच्न आवश्यक छ ।

हामी क्रान्तिकारीहरुले हरेक विषयवस्तु केलाउँदा मनोगत तवरबाट कुनै भावनामा बगेर वा दक्षिणपन्थीको हावाहुरिको प्रभावमा परेर होइन वस्तुनिष्ठ तवरबाट विषयको विश्लेषण गर्नुपर्दछ । नेपालको उत्पादन प्रणाली गाउँघरमा सामन्तवादी चरित्रको टुक्रे उत्पादन प्रणाली छ भने वितरण प्रणाली पनि सोही चरित्रको छ । शहरमा दलाल पुँजीपति वर्गको बाहुल्यता छ, त्यसैले हामी त्यही समाजबाट आएका नेता कार्यकर्ताहरु कहीं न कहींबाट त्यसको प्रभाव बोकेका छौं । अझ हाम्रो समाज भनेको निम्न मध्यम वर्गीय समाजको बाहुल्यता रहेको समाज हो ।

त्यसैले हाम्रो पार्टीमा आवद्ध नेता या कार्यकर्ताको ठूलो हिस्सा १-निम्न मध्यम वर्गीय धरातलबाट आएका हौं । २- हाम्रो आर्थिक उत्पादन प्रणाली भनेको टुक्रे उत्पादन वा दलाल चरित्रको उत्पादन प्रणाली हो । ३-दक्षिणपन्थी संशोधनवादी प्रभाव काफी मात्रामा रहँदै आएको छ । ४-विश्वमा हावी रहेको साम्राज्यवाद, पुँजीवादको दबदबा रहँदै आएको छ । ५-विश्वस्तरमा सर्वहारा वर्गीय क्रान्ति कमजोर अवस्थामा रहेको छ । ६-नेपाली क्रान्ति मुख्यतः दश वर्षको जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा पार्टीभित्रको मुख्य नेतृत्वमा पलाएको दक्षिणपन्थी संशोधनवादी रुझानका कारण हारमा परिणत हुन पुगेको छ । पार्टीभित्रैबाट दक्षिणपन्थी संशोधनवाद र बाहिरबाट साम्राज्यवाद विस्तारवादका कारण क्रान्तिको विसर्जन, पार्टीभित्र टुटफुट विभाजनका कारण आम जनतामा मुख्यतः नेता कार्यकतामा देखिने निराशा नेपालको सर्वहारा वर्गीय आन्दोलनको एउटा डरलाग्दो रोग हो । यसले सर्वहारा वर्गीय क्रान्तिलाई असाध्यै हानी पुर्‍याउँछ । पुँजीवाद दमन र सर्वहारा वर्गको विद्रोह, क्रान्ति र प्रतिक्रान्ति, हार र जितका क्रममा सर्वहारा वर्गका अगाडि यसप्रकारका च्यालेन्जहरु आउँछन् । तर यसलाई चिर्ने एउटै मात्र उपाय भनेको वैचारिक परिपक्वता, बुझाईको एकरुपता र सर्वहारा वर्गको. मुक्तिको मार्गदर्शक सिद्धान्त मालेमावाद, वर्ग पक्षधरता, सर्वहारा वर्गको नेतृत्वप्रतिको विश्वास हुनु हो । साम्राज्यवाद तथा संशोधनवादी भ्रमबाट मुक्त भएर सोच्नु पनि हो । आजको सर्वहारा वर्गका सच्चा प्रतिनिधिहरुले यसको सामना गरेर अगाडि बढ्दै पर्छ ।

यसर्थ साम्राज्यवाद, विस्तारवाद र सबैप्रकारका संशोधनवादका सबैप्रकारका हर्कतहरुलाई रोक्न सर्वहारा वर्गीय अनुशासनबाट लैस एउटा लडाकु क्रान्ति गर्न योग्य क्रान्तिकारी पार्टी निर्माणको दिशामा अगाडि बढौं ! सर्वहारा वर्गको भविष्य उज्वल छ । क्रान्ति जिन्दावाद !

## प्रमको आसन्न ...


ध्वस्त पारेर दलाल पुँजी भित्र्याउने काम पनि नेकाकै पहलमा भएको हो । त्यसैले साम्राज्यवादीहरुले पूर्व अर्थमन्त्री रामशण महतलाई पुरस्कार नै दिए । निजगढ-काठमाडौं द्रुतमार्गको निर्माणको जिम्मा भारतलाई दिन नेकाले हरसम्भव प्रयास गरेकै हो । ओली सरकारले उक्त द्रुतमार्गलाई नेपाल सरकारले नै बनाउने जुन निर्णय गर्‍यो, त्यो स्वागतयोग्य निर्णय थियो । तर अहिले नेकाले पुनः उक्त द्रुतमार्गको जिम्मा भारतलाई दिने प्रयत्न गरिरहेको कुराहरु सार्वजनिक भइरहेका छन् । अपरकर्णाली पिडिए सम्झौता पनि नेकाकै सरकारको पालामा भएको थियो । नेपाली कांग्रेसको भारतीय प्रतिक्रियावादी शक्तिको दलालीको चरित्रले गर्दा पनि अब हुने भारत भ्रमणमा प्रधानमन्त्री प्रचण्डलाई राष्ट्रहीतविरुद्ध सन्धिसम्झौता गर्न सजिलो हुने मात्र होइन, उनलाई त्यसप्रकारको राष्ट्रहीतविरोधी सन्धिसम्झौता गर्न नेकाबाट दबाब नै आउनेछ ।

अब रह्यो अहिलेका प्रतिपक्ष एमालेको कुरा । ओली सरकारले चीनसँग पारवहान सन्धि, द्रुतमार्ग नेपाल सरकारले नै बनाउने र भारतीय नाकाबन्दीमा जुन अडान देखायो, त्यो सकारात्मक कुरा हो । तर त्यत्तिले मात्र एमाले पूरै राष्ट्रहीतको पक्षमा र विस्तारवाद तथा साम्राज्यवादको विरुद्धमा छ भन्न मिल्दैन । भारतले लगाएको अघोषित नाकाबन्दीका बेला हाम्रो पार्टीको तर्फबाट प्रधानमन्त्री ओलीकोमा डेलिगेसन जाँदा हामीले भनेका थियौं, 'नाकाबन्दी लगाएर भारतले विगतमा गरिएका सन्धिसम्झौताको एकतर्फी रुपमा उलंघन गर्‍यो, अब तपाईंले पनि भारतसँग गरिएका सन् पचासलगायतका सबै सन्धिसम्झौताको खारेजी गरेको घोषणा गर्नुस् ।' त्यसको जवाफ ओलीले एउटा गीतबाट दिए, 'काँचो सुन्तला, नखाँदै यो चाला खाए कुन चाला ?' विगतमा गरिएका राष्ट्रघाती महाकाली सन्धि, अपरकर्णाली भारतीय जिएमआरसँगको पिडिए सम्झौताजस्ता असमान सन्धिसम्झौताहरुमा एमालेको पूर्ण समर्थन छ । एमालेको यसप्रकारको चरित्रले गर्दा राष्ट्रहीतको पक्ष र साम्राज्यवाद तथा विस्तारवादको विरुद्धमा एमालेले सशक्त आवाज हिजोका दिनमा पनि उठाएन र अहिले पनि उठाउँदैन भन्ने कुरामा कुनै शंका छैन ।

आज भारत र नेपालको बीचको सम्बन्ध चिसिएको र त्यो स्थितिलाई अन्त गरी सुमधुर बनाउने भन्ने कुरा व्यापक रुपमा उठिरहेको छ । भारतीय शासकहरुले नेपालको हरेक आन्तरिक मामिलामा हस्तक्षेप गर्छन् । राजा त्रिभूवनको पालामा पनि मन्त्रीपरिषद्को बैठकमै भारतीय प्रतिनिधि बस्ने गर्दथे । अहिले प्रत्यक्ष भारतीय नागरिक नबसे पनि उसका दलाल एजेण्टहरुलाई बसाउने गरेकै छ । भारतको इच्छा अनुसार संविधान बनेन भनेर अघोषित नाकाबन्दी नै लगायो । यस्तो अवस्थामा हरेक आन्तरिक मामलामा भारतीय हस्तक्षेपलाई चुपचाप स्वीकारेमा भारतीय शासकसँगको सम्बन्ध सुमधुर हुन्छ । होइन भने भारतसँग कुनै न कुनै विषयमा संघर्ष परि नै रहन्छ । भारतसँग दुई देशको सम्बन्ध त्यतिवेला मात्र सुमधुर हुन सक्छ, जब उसले नेपालको आन्तरिक मामलामा हस्तक्षेप बन्द गर्दछ । तर उसले यसो गर्नेवाला छैन । त्यसकारण भारतसँगको सम्बन्ध सुमधुर बनाउन या त नेपालीले भारतीय शासकहरुको हस्तक्षेपलाई स्वीकार्नुपर्छ या त भारतले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने नीति बन्द गर्नुपर्छ । तर हाम्रो देशको अहिलेसम्म ठूला भनिने पार्टीहरुका नेताहरुले यो वा त्यो रुपमा भारतीय प्रतिक्रियावादी शासकहरुको हस्तक्षेपलाई स्वीकार्दै आएको स्थिति हो र त्यो अवस्था अहिले पनि छ ।

यो अवस्थामा राष्ट्रिय स्वाधीनताको रक्षा र राष्ट्र हीतलाई जोगाइ राख्नका निम्ति नेपाली जनताले सशक्त आवाज उठाउनु बाहेक अर्को विकल्प छैन । त्यसकारण प्रधानमन्त्रीको भारत भ्रमणको सिलसिलामा राष्ट्रहीत र जनहीतविपरीत कुनै पनि प्रकारको सन्धिसम्झौता समझदारी हुन नदिनका लागि सडकबाट बुलन्द आवाज उठाउन जरुरी छ । देशभक्तिपूर्ण जनताको सशक्त आवाजले मात्र राष्ट्रहीत र राष्ट्रिय स्वाधीनताको रक्षा हुनेछ । त्यसैले सम्पूर्ण स्वाभीमानी नेपालीहरुले आफ्नो पार्टी, संगठन, संस्था, वा व्यक्तिगत रुपमा पनि प्रधानमन्त्रीको भारत भ्रमणको अवसरमा राष्ट्रहीतविपरीत कुनै पनि सन्धि सम्झौता हुन नदिन सशक्त आन्दोलन गर्न आवश्यक छ ।

# राजनैतिक नेतृत्वको गद्दारीप्रति जनता आक्रोशित छन्



**प्रेम सुवेदी**
सचिवालय सदस्य तथा अवध राज्य इन्चार्ज
नेकपा (क्रान्तिकारी माओवादी)

» ***नेकपा (क्रान्तिकारी माओवादी) अवधको पछिल्लो स्थितिबारे बताइदिनुस् न ।***

अवधमा भरखरै मध्यपशिचम राज्यस्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । केन्द्रीय समितिले लिएका नीतिहरु तथा कार्यक्रमलाई एक रुपतासाथ कार्यान्वयन गर्न र कार्यकर्ताको नेतृत्वसँग साक्षात्कार गर्ने प्रश्नमा यो प्रशिक्षण एकदमै फलदायी बनेको छ । त्यतिमात्र होइन, प्रतिक्रियावादी तथा संशोधनवादीले सिर्जना गरेका भ्रमलाई चिर्न र क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन यस प्रकारका प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्न सक्दछ भन्ने कुरा राम्ररी कार्यकर्ताले अनुभूति गरेका छन् । साथै संगठनात्मक हिसाबले पनि यो प्रशिक्षण महत्वपूर्ण रहेको छ । यस राज्यमा पार्टी समितिहरुका बैठक जबस-मोर्चाहरुका भेला, स्थानीय पार्टीतहसम्मका पुर्नगठनका काम चलिरहेका छन् । विशेष गरेर वादलहरुको वहिर्मनपछि पार्टीमा वैचारिक राजनैतिक तथा संगठनात्मक हिसाबले पार्टीलाई पुनर्गठन र सृदृढीकरण गर्ने अभियानमा अवधका तीनवटै जिल्लाका कामहरु सक्रियतापूर्वक अगाडि बढेका छन् ।

» ***क्रान्ति वा आन्दोलनमा अवध राज्यले खेलेको भूमिकाबारे संक्षिप्तमा प्रष्ट्याइदिनुस् न ।***

अवध राज्य आर्थिक, राजनैतिक तथा आन्दोलनका हिसाबले आफैमा महत्वपूर्ण ठाउँ हो । हरेक आन्दोलनमा यहाँका जनताले खेलेको भूमिका राष्ट्रिय राजनीतिमा उल्लेखनीय छ । विशेष गरेर हाम्रो पार्टीको तर्फबाट निर्धारित कार्यक्रमहरु सफल हुँदै आएका छन् । त्यसका अलवा राष्ट्रिय राजनीतिमा समेत प्रभाव पार्ने आन्दोलनहरु यस क्षेत्रमा हुँदै आएका छन् । विगतमा भएका संघर्षका इतिहासले त्यो कुरालाई राम्ररी प्रमाणित गर्दै आएको छ । यतिवेला विशेष गरेर जनजीविका र राष्ट्रिय स्वाधीनताका मुद्दालाई मूर्तीकरण गरेर आन्दोलन उठाउन जरुरी छ । त्यो विषयमा हाम्रो पार्टीले प्रभावकारी र नेतृत्वदायी भूमिका खेल्नुपर्ने निष्कर्षका साथ हामीले कार्यक्रम बनाउदै छौं । महंगी, कालोबजारी, तस्करी र अनियमितता जस्ता विषय र मुख्यतः वैदेशिक हस्तक्षेपका विरुद्धमा राष्ट्रिय स्वाधीनताका पक्षमा आन्दोलन उठाउने निर्णय पार्टीले गरेको छ र त्यसलाई कार्यन्वयन गर्ने क्रममा हामी छौं ।

» ***भारतले एकतर्फीरुपमा बाँधेका बाँधका कारण यस भेगका बासिन्दाहरु यसपालीको बर्षायाममा नराम्ररी प्रभावित बने । पूर्वी तराईमा त जनताले बाँधै भत्काइदिएर भारतीय हस्तक्षेपको मुखतोड जवाफ दिए । यहाँका जनतामाथि भारतीय ज्यादती र त्यसविरुद्धको आक्रोस कस्तो पाउनु भएको छ ?***

भारतले नेपाली भू-भागलाई डुवान हुनेगरि निर्माण भएका खुद्रालोटन महलीसागार लगायतका बाँध निर्माणको विरोधमा स्थानीय जनताले विरोध गर्दै आएका छन् र त्यसमा हाम्रो पार्टीले भारतीय हस्तक्षेपको विरोध गर्दै आएको कुरा प्रष्ट छ । पछिल्लो समयमा जसरी सप्तरीका जनताले भारतीय हरुतक्षेपका विरुद्ध बहादुरीपूर्वक संघर्ष गरे त्यसको हामीले स्वागत र ऐक्यवद्धता प्रकट गर्दै आएका छौं र संघर्षलाई पुरै देशव्यापी बनाउन पहल गर्नुपर्ने कुराको निष्कर्षमा छौं । विशेष गरेर अवधका जनताले जसरी हिजो ब्रिटिश साम्राज्यवादका विरुद्ध संघर्ष गरेर आफ्नो गौरव र पौरख देखाए, त्यो बाटो नै हम्रो मूल आर्दश हो । तसर्थ, अहिले पनि वैदेशिक हस्तक्षेपका विरुद्ध र राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा संघर्ष गर्नुको विकल्प छैन । यहाँका शासकहरु जसरी रोवटको रुपमा चल्दै आए, त्यो नै नेपाली जनता र नेपाल राष्ट्रप्रतिको गंभीर चुनौती हो । तसर्थ, दलाल तथा नोकरशाही पुँजीवादी र सामन्तवादलाई समूलरुपमा अन्त्य गर्दै वैदेशिक हस्तक्षेपबाट देशलाई स्वाधीन बनाउन सकिने छ, त्यसले मात्र साँचो अर्थमा जनता राष्ट्रको सम्बृद्धि र विकास सम्भव हुनेछ ।

» ***राष्ट्रियता र जनतन्त्रको लडाईमा यस राज्यमा बस्ने समुदायको सहभागिता र योगदान कस्तो रहँदै आएको छ ? संक्षिप्तमा बताइदिनुस् न ।***

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्रश्नमा यस क्षेत्रका जनताले खेल्दै आएको भूमिका अत्यन्त प्रशंसनीय रहँदै आएको छ र जनता अहिले पनि ती मुद्दामा आन्दोलन गर्न तयार छन् । विडम्बना, जनताको आन्दोलनलाई भजाएर आफ्ना निहीत स्वार्थपूर्ति गर्ने राजनैतिक नेतृत्वको गद्दारीप्रति जनता आक्रोशित छन् र राजनैतिक पार्टीलाई सामान्यतः एउटै दृष्टिकोणबाट हेर्ने र पार्टीप्रति शंका र अविश्वास पनि जनतामा छ, त्यसलाई हामीले गंभीर रुपमा लिनु पर्दछ । र, जनताको विश्वास प्राप्त गर्ने परीक्षामा हामी व्यवहारबाट उत्तीर्ण हुनुपर्दछ ।

» ***गौतम बुद्धको जन्मस्थल पनि यसै राज्यमा पर्ने भएकोले राष्ट्रिय मात्रै अन्तर्राष्ट्रिय चासोको पनि केन्द्र बन्ने गरेको छ, यो राज्य । छिमेकीहरुको चासो र उपस्थिति कस्तो पाउनु भएको छ ?***

अवध राज्य ऐतिहासिक र पुरातात्विक हिसाबले पनि आफैमा परिचित रहेको र विशेष गरेर गौतम बुद्धको जन्मभूमि समेत रहेकोले यसको चर्चा नेपाल र नेपालीले मात्र होईन, अन्तर र्ष्ट्रिय रुपमा पनि हुँदै आएको कुरा प्रष्ट छ । विशेष गरेर गौतम बुद्धको जन्मभूमि लुम्बिनीलाई समेत ओफ्ेलमा पार्ने उद्देश्यसहित भारतीय शासकहरुले गर्दै आएका गलत प्रचार प्रसार तथा सामाग्री प्रकाशनले नेपालको स्वाभिमानमा चोट पुग्दै आएको छ । यो नेपालको स्वाभिमान र स्वाधीनतासँग जोडिएकै विषय बन्न पुगेको छ । जहाँसम्म अन्तर्राष्ट्रिय चासोको विषयमा छ, त्यो लुकेको विषय होइन ।

» ***राष्ट्रिय राजनीतिमा चाहिं चीन र भारतको स्वार्थ र उपस्थिति कस्तो पाउनु भएको छ ? वैदेशिक शक्ति केन्द प्रभावमुक्त स्वतन्त्र राष्ट्रिय हैसियतको राजनीतिको सम्भावना कस्तो देख्नुहुन्छ, नेपालमा ?***

नेपालको भूराजनीतिलाई आ-आफ्नो स्वार्थमा प्रयोग गर्न साम्राज्यवादी तथा विस्तारवादीहरुले प्रयत्न गर्दै आएका तथ्यहरु सतहमा आएकै छन् । जहाँसम्म भारत र चीनको कुरा छ, त्यो कुरा त्यति लुकेको विषय होइन । विशेष गरेर भारतीय शासकहरुले नेपालको समग्र अर्थ-राजनीतिमा आफ्नो एकाधिकार कायम गर्न र देशलाई पुरै नव-औपनिवेशिककरण गर्ने प्रयत्न गर्दै आएको छ, त्यो प्रश्नमा चीनको उपस्थितिले एकहदसम्म उसका उद्देश्यमा वाधा पुगेको कुरा छर्लङ्गै छ । र, त्यो एक हदसम्म पनि सही हो । तर, चीनको चासो भारतले नेपालप्रति गरेको असमान व्यवहारसँग मात्र सीमित छैन र उसका पनि आफ्ना स्वार्थ र हित जोडिएका छन् । यस प्रकारको स्थितिमा नेपालले अवलम्बन गर्ने नीति र भूमिकाको अत्यन्त ठूलो महत्व छ । तर नेपाली शासकहरुले त्यो महत्वलाई आत्मसात नगर्दा नै यो विषय थप जटिल र गंभीर बन्दै आएको छ । एउटा सार्वभौम मुलुकको हैसियतले गर्नुपर्ने निर्णयहरुप्रति त्यति गम्भीरता नदेखिएकोले पछिल्ला दिनहरुमा दुवै देशसँग समदुरीको सम्बन्ध कायम गर्न जनस्तरबाट जे जस्ता कुराहरु उठ्दै आएका छन्, ती विषयमा पनि सरकारको ध्यान पुगेको छैन ।

» ***पार्टीहरुको दलालीकरण तीव्र बनेर गएको छ । नेकपा (क्रान्तिकारी माओवादी)को राष्ट्रिय राजनीतिमा 'पोजिसन' के हो ?***

यो विषय आफैमा गम्भीर प्रकृतिको छ । नेपालको राजनीतिमा देखिएका जति पनि समस्याहरु छन्, त्यसमा एउटा महत्वपूर्ण पक्ष भनेको पार्टीहरुले देश र जनताका नाममा प्रतिवद्धता जाहेर गरे पनि उनीहरुको भूमिका जनता र देशप्रति भन्दा विदेशी शक्तिकेन्द्रसँग बढी उत्तरदायी बन्ने जुन प्रवृत्ति छ, त्यो हाम्रो विडम्बना हो । त्यसैको परिणाम आज देश संकटतर्फ धकेलिंदै गएको छ । नेपालका प्राकृतिक स्रोत साधनदेखि मानवीय स्रोत र श्रममा समेत साम्राज्यवाद, विस्तारवादको नियन्त्रण कायम हुँदै गएको छ । यसको मूल कारण यहाँका संसदवादी र संशोधनवादी पार्टीहरुको नांङ्गो प्रकारको दलाली र आत्मसमर्पणवादी नीति नै हो । जसले गर्दा नेपालीको स्वाभिमानमा आँच पुगेको छ । संसदवादी तथा संशोधनवादी पार्टीहरुले विदेशी शक्तिकेन्द्रको दलाली गर्न प्रतिस्पर्धा नै गर्दै आएर देश र जनतालाई ठूलो धोका दिए । त्यसको हिसाब किताव चुक्ता गर्न र देशमा नयाँ जनवादी क्रान्तिको कार्यभारलाई पुरा गर्दै समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्ने दृढविश्वासका साथ नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्ना विचार दृष्टिकोण अगाडि सारेको कुरा प्रष्ट छ ।

देशको संसदीय प्रणालीको अन्त्य र जनगणतन्त्रको स्थापनाले मात्र आजको अन्तरविरोधको समाधान हुन सक्दछ र त्यो हाम्रो मुख्य कार्यभार हो । जहाँसम्म तात्कालिन हिसाबले हामीले खेल्नुपर्ने भूमिका छ, त्यसमा पनि हामी गंभीर छौं । जनताका जनजीविका, जनतन्त्र र राष्ट्रिय स्वाधीनताका विषयलाई हामीले आफ्ना समस्याका एजेण्डा बनाउदै आएका छौं ।

देशको संसदीय प्रणालीको अन्त्य र जनगणतन्त्रको स्थापनाले मात्र आजको अन्तरविरोधको समाधान हुन सक्दछ र त्यो हाम्रो मुख्य कार्यभार हो । जहाँसम्म तात्कालिन हिसाबले हामीले खेल्नुपर्ने भूमिका छ, त्यसमा पनि हामी गंभीर छौं । जनताका जनजीविका, जनतन्त्र र राष्ट्रिय स्वाधीनताका विषयलाई हामीले आफ्ना समस्याका एजेण्डा बनाउदै आएका छौं । त्यतिमात्र होइन, उत्पीडनमा परेका वर्ग समुदाय र लिङ्गका पक्षमा चल्ने आन्दोलनमा ऐक्यवद्धता जाहेर गर्दै आफ्नो नेतृत्वमा संर्घषलाई अगाडि बढाउन त्यत्तिकै ध्यान दिंदै आएका छौं । विद्यमान व्यवस्था र संसदीय पार्टीका विकल्पका रुपमा पार्टीलाई स्थापित गर्नु अहिलेको हाम्रो अभिभारा हो । जहाँसम्म अहिले पार्टीको पोजिशनको कुरा छ, त्यो आधारमा मात्र मूल्याङकन गर्ने होइन, अब हामीले के गर्ने भन्ने कुरा नै महत्वपूर्ण हो ।

» ***मुलुकमा विद्यमान राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी समस्या समाधानका लागि क्रान्तिकारी माओवादीको रोडम्याप चाहिं के हो ?***

यो विषयमा कतिपय कुरा अघि पनि चर्चा भएका छन्, खास गरेर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दालाई मुख्य एजेण्डा बनाएर पार्टीको संघर्षमा होमिने निर्णय गरेको पृष्ठभूमिमा हाम्रो रोडम्याप स्वतः स्पष्ट छ । सरकार, संसद र संविधान र संसोधनवादको भण्डाफोर गर्दै क्रान्तिकारी विचारको रक्षा विकास र प्रयोग नै हाम्रो मूल कार्य हो ।

» ***नेपालमा ठूल्ठूला जनविद्रोह, जनसंघर्षहरु भए, हजारौंको संख्यामा जनयोद्धाहरुले बलिदान पनि गरे, तर आजपर्यन्त नयाँ जनवादी क्रान्तिले सफलता पाउन नसक्नुको चुरो कारण के हो ?***

नेपालको राजनीतिक इतिहासमा जनताको त्याग, वलिदान र संघर्ष गौरवपूर्ण रहदै आएको छ । तर, जनताको त्यो वलिदान त्याग र संघर्षले अहिलेसम्म पनि सार्थकता पाउन नसकिरहेको वस्तुगत र आत्मगत कारणको खोजी हुन जरुरी छ । त्यो विषयलाई पनि हामीले गंभीरतापूर्वक लिएका छौ । साँचो कुरा के हो भने जनताको त्याग, वलिदान र गौरवपूर्ण संघर्षलाई प्रतिकृयावाद, साम्राज्यवाद तथा विस्तारवादसँग आत्मसर्मपण गर्ने नेतृत्वको गद्दारीका कारणले नै जनताले धोका खाँदै आएको सन्दर्भमा जनतालाई क्रान्तिप्रति आश्वस्त पार्नुछ । क्रान्ति वा परिवर्तनमा फेरि पनि जनता सहभागिता हुन्छन् वा हुदैनन् भन्ने कुरा मनोगत विषय होइन । समाजमा रहेका उत्पीडन, दमन र अन्तरविरोध नै मुख्य कारण हुने हुँदा ती समस्या अहिले पनि अध्यावधी छन् । त्यसकारण अहिलेका अन्तरविरोधलाई हल गर्ने आधार नै जनताको संघर्षद्वारा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी अगाडि बढ्नु हो । वस्तुगत हिसावले त्यो आधार बन्दै गएको छ । आत्मगत परिस्थितिका लागि हामीले विशेष रुपमा ध्यान दिनु पर्दछ ।

» ***जनवादी क्रान्ति सम्पन्न गर्ने नेकपा (क्रान्तिकारी माओवादी)सँग जनताले स्पष्ट खाका माग गरेका छन् नि ?***

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले नयाँ जनवादी क्रान्तिको राजनैतिक, सांगाठनिक तथा संघर्षका कार्यदिशा स्पष्ट गर्दै आएको छ । त्यसका लागि मुख्यतः क्रान्तिकारी पार्टी संयुक्त मोर्चा र सेना यी तीन कुरा आधार भूत विषय हुन् । त्यसको तयारीमा नै हाम्रो ध्यान केन्द्रीत छ ।

» ***पटक-पटक धोका खाएका जनतालाई क्रान्तिकारी माओवादीप्रति कसरी आशावादी बनाउन सकिएला ?***

जनताले पटक पटक धोका खाँदै आएको कुरा सत्य हो । तर, त्यसबाट जनता निरास मात्र छन भन्ने कुरा सत्य होइन, जनता अहिले पनि क्रान्ति र परिवर्तनको पक्षमा छन् । क्रान्तिको निर्णायक शक्ति जनता नै भएकोले राजनीति र व्यवहारबाट त्यो कुरालाई पुष्टि गर्नुपर्दछ । जनताको नेतृत्व गर्ने प्रश्नमा पार्टी चुक्नु हुँदैन । नेपालमा अहिलेसम्मको आन्दोलनको इतिहासमा के हुँदै आएको छ भने आन्दोलन निर्णायक ठाँउमा पुग्दा जनता अगाडि नेतृत्व पछाडि पर्दै आएका धेरै घटनाहरु छन्, त्यसबाट हामीले गम्भीर पाठ सिक्नुपर्दछ ।

# विचार–राजनीतिबारे केही ज्वलन्त सवालहरु



मोहन वैद्य 'किरण'

(भदौं १० मा सम्पन्न पार्टीको पश्चिमी कमाण्डको प्रशिक्षणमा व्यक्त विचारमा आधारित)

क्रान्तिकारी धाराको रक्षाका लागि लड्नु भएका पश्चिम कमाण्डका कमरेडहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । केन्द्रीय समिति र केन्द्रीय सल्लाहकार समिति सदस्यमा थपिनु भएका कमरेडहरूलाई स्वागत अभिवादन गर्न चाहन्छु । दक्षिणपन्थी अवसरवादका बिरूद्ध पछिल्लो चरणमा जुन भीषण सङ्घर्ष गऱ्यौं, त्यही सङ्घर्षको ऐतिहासिक र वर्तमान पृष्ठभूमि जानकारी गराउन चाहन्छु ।

पार्टीमा धेरै पटक दुई लाइन सङ्घर्षहरू चल्दै आए र विभाजनहरू पनि भए । त्यस खालका विभाजनहरूले पार्टीमा जटिल स्थिति पैदा भएको छ । पार्टी कसरी अगाडि बढ्ने हो भन्ने मामिलामा कैयन प्रश्नहरू उब्जिएका छन् । दुई लाइन सङ्घर्षका सन्दर्भमा बुझ्दै आएको कुरा केहो भने पार्टी विपरीतहरूको एकत्व हो । भौतिकवादी द्वन्द्ववादको नियममा तीनवटा नियमलाई अध्ययन गर्छौं । विपरीतवीचको एकत्व, मात्रा गुणमा रूपान्तरण र निषेधको नियम । यी तिनमध्ये सबैभन्दा महत्वपूर्ण भनेको विपरीतको एकत्वको नियम हो । यो नियम प्रकृति, समाज र चीनतनमा पनि भएको हुनाले कोही पनि पन्छिन सक्दैनौं । बरू राम्रो तरिकाले आत्मसात गर्न जरुरी छ । पार्टीमा निरन्तर दुई लाइन सङ्घर्ष चलिरहन्छ, यो वस्तुवादी नियम हो । दुई लाइन सङ्घर्षको व्याख्या गर्ने प्रक्रियामा चीनमा माओको नेतृत्वमा रहेको पार्टीले एउटा संश्लेषण गरेको छ । पार्टीमा निरन्तर दुई लाइन सङ्घर्ष चल्छ, कहिले त्यो समुद्रमा चल्ने ज्वारभाटा जस्तै कहिले मन्द रूपमा र कहिले तीव्र रूपमा चल्छ । कम्युनिस्ट पार्टीमा दुई लाइन सङ्घर्ष निरन्तर चलिरहने भएकाले त्यसको महत्वलाई ध्यान दिनु पर्छ । यसका दुईटा पाटाहरू हुन्छन् । एउटा सकरात्मक पाटो हुन्छ, त्यो हो एकता, सङ्घर्ष र रूपान्तरण । यो पक्षमा पनि भौतिकवादी द्वन्द्ववादको नियमलाई हेर्न पर्छ । एकता क्षणिक र अस्थायी हुन्छ । सङ्घर्ष स्थायी र निरन्तर हुन्छ । पार्टीमा चल्ने हरेक दुई लाइन सङ्घर्षलाई एकता, सङ्घर्ष र रूपान्तरणमा बदल्नु पर्छ । पार्टीमा आत्मालोचना र आलोचनाको पद्वति स्थापित गर्नुपर्छ । आलोचनाको पद्वति भनेको पनि शुद्धिकरणको पद्वति नै हो । विश्व कम्युनिस्ट आन्दोलनको इतिहास, नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास र हाम्रै पार्टीको इतिहासमा पनि एकता, सङ्घर्ष र नयाँ आधारमा एकता अर्थात् रूपान्तरण भएको छ ।

पार्टीमा विभाजन र फुट किन हुन्छ । कुनै पनि पार्टीमा विभाजनको पहिलो कारण के हो वर्गीय चीनतन हो । कम्युनिस्ट सदस्य सर्वहारावर्गका राज्य प्रतिनिधि हुन्छन् । वर्गीय दृष्टिले हामी निम्न पुँजीपति वर्गको प्रतिनिधित्व गर्छौं । सम्पत्ति सम्बन्धमा रुढिवादी प्रवृत्ति र चीनतन हुन्छ । नाफामुखी प्रवृत्ति हुन्छ । धनी हुने सोंच हुन्छ । यो निम्नपुँजीवादी चीनतन क्रान्ति राम्रोसँग अघि बढ्यो भने उत्साहित हुन्छ र क्रान्तिले धक्का खायो भने निरास हुने, पलायन हुने र क्रान्तिलाई धोकादिने प्रवृत्ति हुन्छ । हाम्रो कर्तव्य भनेको निम्न पुँजीवादी चीनतनलाई कमजोर तुल्याउदै सर्वहारा आन्दोलनलाई अघि बढाउने हुनु पर्छ । हरेक व्यक्तिमा दक्षिण, मध्य र वाम प्रवृत्ति हुन्छ । त्यो प्रवृत्तिलाई चीनु पर्छ ।

दोस्रो कुरा के हो भने निम्न पुँजीवादी चीनतन र प्रवृत्तिसँग साम्राज्यवाद खेलिरहेको हुन्छ । त्यसलाई साम्राज्यवादले उपयोग गर्छ । साम्राज्यवाद र संशोधनवाद बिचको घनिष्ट सम्बन्ध हुन्छ । कम्युनिस्ट आन्दोलनमा जति फुटहरू हुँदै आएका छन्, ती साम्राज्यवादसँग जोडिएका छन् । काउत्स्की, बर्नस्टिन हुँदै नेपालमा आउँदा पनि साम्राज्यवाद र निम्न पुँजीवाद बिचको सम्बन्ध देखिन्छ । कम्युनिस्ट आन्दोलनको फुटको कारण साम्राज्यवाद पनि हो । कम्युनिस्ट पार्टी बाहेकका अरू पार्टीहरू पनि साम्राज्यवादको स्वार्थसँग बाझिएमा फुटाइन्छन् र मिलाइन्छन् । क्रान्तिकारीहरू विद्रोह गर्छन् । क्रान्तिकारीहरू फुट्दैनन् । चुनावी पार्टीहरू गुटमा विभक्त हुँदा पनि किन फुट्दैनन् भने ती आफ्ना स्वार्थहरूलाई केन्द्रमा राख्छन् ।

पार्टीको पछिल्लो विभाजनलाई गम्भीरतापूर्वक लिनु पर्छ । यो पार्टी विभिन्न धाराहरूको बिचमा एकता हुँदै आएको छ । जनयुद्ध इतिहासको महान् कार्य हो । यो सशक्त ढंगले अगाडि बढ्दै जाने क्रममा नेतृत्वले गम्भीर प्रकृतिको विश्वासघात गऱ्यो । चुनवाङको बैठक फुटको विजारोपण हो । हामीले जनयुद्धमा प्रतिवद्धता जाहेर गरेका थियौं, जबसम्म नेपालमा शोषित उत्पीडित जनसमुदायको राज्यसत्ता आउँदैन, तबसम्म हाम्रो अभियान जारी रहन्छ भन्ने थियो । चुनवाङले लोकतान्त्रिक गणतन्त्र ल्यायो । लोकतान्त्रिक गणतन्त्रका लागि रणनीतिक प्रत्याक्रमणको फौजी कार्यक्रम विकास गरियो । कांग्रेसहरूलाई अप्ठेरो परेको बेला संयुक्त मोर्चा गर्न हुँदैन थियो भन्ने त होइन । संविधानसभा पनि गर्नु पर्छ । संयुक्त मोर्चाका नाममा नयाँ जनवाद छोडियो । जनयुद्धको प्रतिवद्धतालाई अन्तिममा २०६३ मङ्सिर ५ मा जुन विस्तृत शान्ति सम्झौतामा जनयुद्ध अन्त्य भएको घोषणा गरियो । केन्द्रीय समितिको बैठकबिना नै बाबुराम र प्रचण्डले एकल निर्णय गरे । दम्भले भरिएका बाबुराम र प्रचण्डले कानुनी तरिकाले सेना समायोजनदेखि अनेकौं कुरामा गल्ती गरे । सरसल्लाह नै नगरी सेना समायोजन भनेको छ । अन्तर्राष्ट्रिय मापदण्ड भनेको छ । हामी झुक्कियौं । प्रचण्डपथ भन्यौं । विश्वासका साथ धेरै माथि पुऱ्याइयो । चुनवाङमा हामीले नयाँ जनवादतिर लैजान्छौं र संशोधनवादीहरूले लोकतन्त्रतिर लैजान्छन् भन्ने संश्लेषण गरिएको थियो । नेताहरूले लोकतन्त्रबाट अझै अघि बढ्नेछन् भन्ने विश्वास गरियो । प्रचण्डले दक्षिणपन्थी र उग्रपन्थी दुईटै प्रवृत्तिको बिरूद्ध लडेको भ्रम पैदा गरे । पालुङ्टारमा जाँदा प्रचण्डले अरू ठिक छ, अलिकति गोवर मिसिएको छ भन्ने संश्लेषण गरे । आखिरमा वैठकमा आउँदा त प्रचण्ड पालुङटारबाट उल्टोदिशा लिए । साम्राज्यवादले आन्दोलनमा कसरी खेल्दोरहेछ भने हाम्रो दुईलाइन सङ्घर्षको अनुभवले पनि सिद्व गरेको छ ।

अब प्रचण्ड बाबुरामसँग मिल्दैछन् त्यसैले प्रचण्डको विश्वास गर्नुपर्छ भन्दै हर्मिज थाराकनले लेखेकै छन् । माओवादीलाई जङ्गलबाट मैदानमा झार्न विस्तारवादको भूमिका छ, कमरेडहरूले पढ्नु भएको होला, प्रयोगशाला किताबमा छ्याङछ्याङ्ती छ । जुन प्रचण्ड आफैले विमोचन गरेका थिए । किन प्रचण्ड सिंगापुर जान्छन् ? कहिले इग्ल्याण्ड जान्छन् ? ती भारतीय ऐजेन्टहरूलाई भेट्न रहेछ । भारतीय शासकवर्गको माओवादीसँग तीन स्वार्थ रहेछन् ः माओवादीहरूले संसदीय व्यवस्था स्वीकार्नु पर्छु, सेना समायोजन होइन विघटन हुनुपर्छ र माओवादीले इन्डियाको राष्ट्रिय स्वार्थविरूद्ध कुनै कार्य गर्नु हुन्न ।

बाबुराम र प्रचण्डहरू किन अलग्गिए ? प्रचण्ड बाबुरामको लाइन पक्रिएर चुनवाङदेखि लोकतान्त्रिक गणतन्त्रसम्म आए । लाइन बाबुरामको र नेतृत्व प्रचण्डको मान्ने शर्तमा यो गठबन्धन बनेको हो । यही विन्दूमा आएर नै प्रचण्ड र बाबुराम अलग्गिएका छन् । साथीहरूसँगसँगै हिंडेपछि मोह हुँदोरहेछ । दुःखले आर्जेका साथीहरूप्रति मायामोह हुँदो रहेछ । प्रचण्डलाई निकै मिहेनत र दुःख गरेर प्रचण्ड बनाइएको हो । बाबुरामलाई पनि बाबुराम दुःख गरेर नै बनाइएको हो । दक्षिणपन्थीहरूसँग एकताको कुरा गरिएको होइन । पार्टी एकताका लागि आधारहरू तयार पार्ने भनेर एकताको प्रक्रिया, सम्वाद थालिएको हो । प्रचण्डसँग कैयौं बेला कुरा भयो । खासगरी १६ बुँदे अगाडि प्रचण्डसँग कुरा भयो । अब तपाई कहाँ जाने हो ? पार्टीको महासचिव र अध्यक्ष भइसक्नु भयो । सरकारको पनि प्रधानमन्त्री भन्दा माथि छैन । दुईटै भइसक्नु भयो । अब क्रान्तिका लागि आउनुहोस् भनेर प्रचण्डसँग छलफल भयो । प्रचण्डले हुन्छ हुन्छ भन्दाभन्दै एकता बिथोलियो । संविधान घोषणा लत्तगै बाबुराम गए । बाबुराम गएपछि पुनः एकताको होहल्ला सुरु भयो । एकताका लागि सैद्वान्तिक निष्ठाका साथ हेर्ने गरी सुरु गरियो । एकतामा सारसङ्ग्रहवादी धारा देखा पऱ्यो । एकथरी पार्टीका साथीहरूले प्रचण्डसँग भित्रभित्रै एकताको पहल गरे । साथीहरूले झुक्काए । प्रचण्डभित्र र हामीभित्रका मानिसहरूको घुसपैठ तीव्र बन्यो । अन्तिममा केन्द्रीय समितिको बैठक बोलाइयो । सल्लाहकार समितिको बैठक डाकियो । वहस र छलफलमा पार्टी एकता निरपेक्ष होइन, कार्यदिशा र सिद्वान्तमाथि निष्ठाका साथ गर्नु पर्छ भन्ने प्रस्ताव गरियो । पार्टी एकताका लागि एउटा प्रस्ताव पेश गरिएपछि राष्ट्रिय जनवादको नयाँ प्रस्ताव आयो । सुरुमा केन्द्रीय समितिको बैठक राम्रै थियो । सैद्वान्तिक एकता गर्नैका लागि सशक्त कुराहरू आएका थिए । हामीले असोज एक गते राष्ट्रिय सम्मेलन गरेर विवादहरूलाई टुङ्ग्याउन भन्यौं । अध्यक्षका बिरूद्ध हस्ताक्षर अभियान सञ्चालन तथा भेलाहरू गर्दै गए । प्रचण्डसँग मिलेर १२ बुँदे हुँदै १३ बुँदे गरेर आफ्नो पार्टी फुटाइयो । यसरी दक्षिणपन्थी पुच्छरवादी प्रवृत्ति देखियो । दक्षिणपन्थी हावा तीव्र रूपमा चल्यो र साँचो अर्थमा भन्ने हो भने केन्द्रीय समिति अल्पमतमा पऱ्यो । केन्द्रीय समितिको बैठकले गरेको सैद्वान्तिक मूल्य र मान्यताबाट हेर्ने हो भने जनवादी केन्द्रीयता हाम्रो पक्षमा रह्यो अपितु टाउका गन्ने हो भने उनीहरूले वहुमत पुऱ्याए । थारुवान, सेम र भेरी कर्णालीमा रहेका केन्द्रीय समितिका साथीहरू खुलेर क्रान्तिको विपक्षमा लागे । दलित दलित एक एक हौं, महिला महिला एक एक हौं जस्ता जातीय र लैंगिक नाराहरू समेत लगाएर एकतालाई प्रभावित गरियो । थारुवानका प्रायः केन्द्रीय समिति सदस्य साथीहरू गए । होला र केही गर्लान् भन्ने विश्वास गरिएका साथीहरूले धोका दिए । हाम्रो उदारवादले क्षति पुग्यो । यद्यपि हामीलाई सङ्गठनात्मक दृष्टिले घाटा भएपनि बैचारिक दृष्टिले विजयी भएका छौं ।

पत्रकार, नेता वा अरू कुनै व्यक्तिले एकताको हल्ला बाहेक केही नगर्ने । एकताको प्रक्रियामा हामीले जुन सङ्घर्ष गरेका छौं, कमि कमजोरीका बिचबाट पनि विजयी भएका छौं । मार्क्सवादको झन्डालाई सुरक्षित राख्न सफल भएका छौं । हामीले इतिहासबाट पाठ सिकेर अघि बढ्नु पर्छ । बादलहरूलाई सुरुमा पुच्छरवादी भन्यौं । अब विलीन भइसकेकाले दक्षिणपन्थी नवसंशोधनवादी लाइन मात्र भन्दा पुग्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा छलफल पनि भइरहेको छ, कम्तिमा अन्तर्राष्ट्रिय आन्दोलनको निष्कर्ष के छ भने नेकपा (क्रान्तिकारी माओवादी) दक्षिणपन्थी नवसंशोधनवादसँग लडिरहेको छ । अन्ततः दुई लाइन सङ्घर्षबाट शिक्षा लिएर अघि बढ्नुको कुनै विकल्प छैन ।

म अब वर्तमान परिस्थितिका बारेमा कुरा गर्छु ।

यतिखेर एकातिर अमेरिका, जापान र इग्ल्यान्डको एउटा क्याम्प छ र अर्कोतर्फ रुस र चीनको क्याम्प छ । अझै पनि साम्राज्यवादी शक्तिहरूका बिचको अन्तरविरोध कायमै छ । अर्को साम्राज्यवाद र सर्वहारावर्ग बिचको अन्तरविरोध कमजोर छ । अपितु साम्राज्यवाद बिरूद्ध सर्वहारा क्रान्तिको वस्तुगत स्थिति राम्रो छ । साम्राज्यवादी अन्तरविरोध तीव्र भएको हुनाले चीनले पनि भारतलाई उपयोग गर्न चाहिरहेको छ । अमेरिकाले पनि भारतलाई उपयोग गर्न चाहिरहेको छ । यस्तो परिस्थितिमा भारतलाई फकाउनका लागि चीनले लिपुलेकजस्तो नेपाली भूगोललाई समेत त्रिदेशीय सन्धि भनेर स्वीकारी दियो । दक्षिण सागरको विवाद बढिरहेको छ । मूलतः अमेरिका र चीनबिचको अन्तरविरोध तीव्र रहेको छ ।

कम्युनिस्ट आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठन रिममा सबैभन्दा महत्वपूर्ण भूमिका जनयुद्वकारी नेकपा( माओवादी) थियो । अहिले रिम कमजोर रहेको छ । सर्वहारावर्गको कुरा त छोडे, क्रान्तिका कुरा त छोडे, अपितु वुर्जुवा संविधान पनि कार्यान्वयन गर्न सक्ने स्थिति नेपालमा छैन । यो भनेको क्रान्तिका लागि वस्तुगत स्थिति राम्रै हो । जनजीविका, राष्ट्रियता र जनतन्त्रका समस्याहरू ज्यूँका त्यूँ छन् । विदेशका युवाहरूलाई श्रम शक्ति बेचेर नेपाल पालिरहेको छ । यहीको कर्णाली संसारकै सस्तो आयोजना सित्तैमा भारतलाई सुम्पिएको छ । नेपालमा लोडसेडिङ छ, त्यो वत्ती भारत लगिँदैछ । अपरकर्णाली, पश्चिम सेती, अरूण तेस्रो आदि जोगोउनु छ । यो जोगाउन एकचोटी मणि, मातृका र एमाओवादीसँग मिलेर संयुक्त मोर्चा बनाउन खोजेको उनीहरुले भारतको विरोध गर्न सकेनन् । विद्युत विकास र व्यापार सम्झौता आखिरमा एमाओवादीले गरिछाड्यो । हिजो एमालेले महाकाली बेचेको भनेर विरोध गरेकै हो । कांग्रेसको विरोध गरेकै हो । माओवादी पनि तिनीहरूकै बाटोमा हिँड्यो । जो प्रधानमन्त्री भएपनि यिनीहरूको घाँटी साम्राज्यवाद र विस्तारवादसँग जोडिएको हुनाले जनताका निम्ति केही गर्न सक्ने छैनन् । त्यसैले क्रान्तिका लागि वस्तुगत स्थिति असाध्यै उज्जवल छ ।

राष्ट्रिय भेला, केन्द्रीय समितिको बैठकको निष्कर्षहरू के हुन् भने वस्तुगत अबस्था अनुकूल भएपनि आत्मगत परिस्थिति अनुकूल भइसकेको छैन । वस्तुगत परिस्थितिलाई टेक्दै, विश्लेषण गर्दै राम्रो कार्यदिशा, सही कार्यदिशा निर्माण गर्नु जरुरी छ । विश्व र नेपालमा वस्तुगत परिस्थिति परिपक्व र ठीक हुँदाहुँदै पनि आत्मगत परिस्थितिलाई नयाँ ढंगले परिपक्व बनाउन जरुरी छ । त्यो काम कार्यदिशाले गर्दछ । हामीले कार्यदिशाका बारेमा वहस र पास गर्दै आएका छौं । कार्यदिशा भनेको के हो ? यो कसरी कार्यान्वयन गर्ने हामीले गम्भीरतापूर्वक सोच्न जरुरी छ । कार्यदिशाको कुरा गर्दा मुलुकको आर्थिक, सामाजिक स्थितिको मूल्याकङ्न गर्नुपर्छ । साम्राज्यवाद, विस्तारवादले दलाल नोकरशाही पुँजीपतिवर्गको माध्यमबाट नेपाली जनसमुदाय माथि शासन गरिरहेका छन् । तिनका बिरूद्ध नवऔपनिवेशिक र अर्धसामन्ती समाज फेर्नकै लागि नयाँ जनवादी क्रान्ति सञ्चालन भएको हो । अहिले वहसमा के छ भने एमालेले नेपालमा पुँजीवादी क्रान्ति सम्पन्न भैसक्यो । अब समाजवादी क्रान्ति गर्नुपर्छ । प्रचण्ड, बाबुराम र बादलहरूले पनि नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो, अब समाजवादी क्रान्तिमा जानुपर्छ भन्नेमा पुगे । उनीहरुले कुरा वैज्ञानिक समाजवादको गरेपनि पुँजीवादको सेवा गरिरहेका छन् । विपी कोइरालाले पनि समाजवादको कुरा गरे, एमाले पनि समाजवाद भनिरहेको छ । यो संसदीय व्यवस्थाको स्थायित्वका लागि लडिरहनेहरू वास्तविक समाजवादी क्रान्तिको कुरा गरिरहेका छैनन् ।

अब नेपाली नयाँ जनवादी क्रान्तिका दुईटा कार्यभार हुन्छन् । एउटा सामन्तवादको अन्त्य गर्ने र राष्ट्रिय स्वाधीनता हासिल गर्ने । चीनमा १९११ मा राजतन्त्र उन्मुलन भएपनि सामन्तवादको अन्त्य भएको थिएन । भारतमा लोकतान्त्रिक गणतन्त्र नै छ, त्यहाँका सच्चा माओवादीहरू नयाँ जनवादी क्रान्तिकै लागि लडिरहेका छन् । सामन्तवाद राजतन्त्रको अन्त्यपछि अलिकति कमजोर भएको छ । पुँजीवादको विकास प्राविधिक दृष्टिले भएको छ, अपितु वैदेशिक प्रतिक्रियावादले शासन सञ्चालन गरिरहेका छन् । यो नवउपनिवेशिक स्थिति हो । दलालहरू मार्फत् शासन चलिरहेको छ । एमाओवादीकै कुरा गर्दा पनि भारतको विरद्व सङ्घर्ष गरेर संविधान बनायौं भनेर राष्ट्रवादको हौवा चलाइयो । यो सबै ढोंग मात्र हो । संविधान बनाउने बेला मोदीको समर्थन त थिएन । कांग्रेस आइ र अमेरिकीहरूको समर्थन

... बाँकी ६ पेजमा

◆ झर्रोटर्रो कैलुब्राह

# सेतो दारी र कालो दारी संवाद

भर्खरै मात्र नेपालबाट कालो दारी सरकारी दूत बनेर हिन्दूस्तानतिर गयो । जानुको मूख्य कारण हिन्दूस्तानको सरकारी सेतो दारीलाई भेट्नु थियो । विगतमा सेतो दारी र उखानप्रसादका बिचमा चिसिएको सम्बन्ध सुधार गर्ने भेटको योजना बन्यो । कालो दारीको मातृथलो हिन्दूस्तान नै भएकाले उतैको मातृभाषा बोल्ने हुँदा उसलाई दूत बनाएर पठाउँदा उखानप्रसादसँग चिसिएको मात्र नभै पहिला आफूसँग चिसिएको सम्बन्ध पनि सुमधुर हुने निधो गरेर सुप्रिमोले उसलाई हिन्दूस्तान पठाए । कालो दारीले सुप्रिमोले पठाएका केही कोशेली पनि लिएर गयो । नेपालका सरकारी सुप्रिमोलाई उता भ्रमण गराउने, दुवैतर्फका राष्ट्रका पतिहरुलाई यताका उता, उताका यता भ्रमण गराउने, यताको पानी पँधेरो, बाटोघाटो, खोला नदीको जिम्मा सेतो दारीलाई लगाउने जस्ता योजनाको कुम्लो बोकेर कालो दारी हिन्दूस्तानतिर लाग्यो । राखीका दिन उडेको कालो दारी हिन्दूस्तान पुगेर सबै भन्दा पहिला सुष्मा बहनजीको हातबाट राखी बाँध्ने कार्यक्रम पनि तय भयो । राखी बाँधीवरी भेट वार्ता गरेर यता र उताको सम्बन्धको पहिलो सूत्रधार निर्माण गर्ने कुरा भयो । त्यसपछि कालो दारीले सेतो दारी, राष्ट्रका पति र त्यहाँका साशक दलका माउतेहरुलाई पालैपालो भेटेर यताबाट लगेको कोशेलीका बारेमा जानकारी गरायो । सेतो दारी र कालो दारीका बिचमा गम्भीर प्रकारले गफगाफ भयो । कालो दारी र सेतो दारीका बिचमा केकस्ता गफगाफ भए त भन्ने विषयमा कैलुब्राहको सुलसुलेले फेला पारेको उनीहरुको गफगाफको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

**कालो दारी** : जय हिन्द सेतो दारी महोदय । कोटीकोटी प्रणाम ।

**सेतो दारी** : हाँहाँ, जिते जाग्ते रहो बेटा । के छ हिमालतिरको हालखबर ? सब ठिकठाक चलेछ ? कोइ दिक्कत तो परेछैन हाँ ?

**कालो दारी** : हजुर सबै ठिकठाक छ । ऐले कुनै दिक्कत उक्कत छैन । मधेशका सबैले समर्थन गऱ्या छन् । बरु उनीहरुलाई पनि सरखारमा जान भनिदिनु पऱ्यो हजुर ।

**सेतो दारी** : हाँ हाँ धिरेधिरे आइहाल्छन् । पैला तो उसले जे भनेछन् ओ संविधानमा लेखिहाल, तव तो उनीहरुलाई हमी आदेश दिन्छु ।

**कालो दारी** : धेरै त उनीहरुका कुरा लेखिसकेछम् । उखानप्रसाद र गाईवाला दलले समर्थन गर्दैनौँ भनेर आप्ठ्यारो पारेका छन् । उनीहरुलाई सम्झाइदिनु पऱ्यो ।

**सेतो दारी** : ओ सब ठिक भै जान्छ । नामानेछन् भने उनीहरुको दल फुटाइदिन्छु तब ठाउँमा आइहाल्छ । और बताऊ क्यानाम कोशेली के लाएछौ ?

**कालो दारी** : हाम्रो सरखारका सुप्रिमो र नेपालपतिले यता भेटघाटमा आउने मनसुवा राख्नु भएछ । उहाँलाई निम्ता गरिदिनु पऱ्यो । और तपाइँ र हिन्दूस्तानपतिले पनि हाम्रो देशको भ्रमण गरिदिनु पऱ्यो ।

**सेतो दारी** : ठिक छ । ओ सब भैहाल्छ । और के लाएछौ ? हुलाकी र द्रुतमार्गको के भएछ कुरा ?

**कालो दारी** : ओ सब मिल्छ हजुर । त्यसको बारेमा दल र सदनमा समेत सदैब यताको पक्षमा वकालात गर्ने व्यक्ति म नै हुँ । ऐले म सरखारको चावी घुमाउने ठाउँमा पुगेछु त केको फिकर गर्नुहुन्छ ? सबै मैले मिलाइहाल्छु । कोइ चिन्ताको कुरा छैन । द्रुतमार्ग, हुलाकी रास्ता, कर्णाली प्रोजेक्ट और पूरबका कोशी हाइड्याम सभी तपाइँको दिनेमा हाम्रो सहमती भएछन् । त्यहि कुरा लिएर आएछु ।

**सेतो दारी** : ठिक छ, स्यावास । यस्तो खुस खबर लिएर आउनु पर्छ । और उधर उत्तरके तरफ लालकोट वालेको दूत बनाएर किन पठाएको ?

**कालो दारी** : अलिअलि उतातिर पनि कुरा मिलाउनु पर्छ । नत्र हाम्रो सरखारलाई यतातिर मात्रै मिल्यो भनेर रिसाउँछन् । उनीहरुको आँखामा अलिअलि छारो पनि त हाल्नु पऱ्यो नि ।

**सेतो दारी** : अछा कोइवात नै । रोटीबेटी तो हमीसँगै मिल्छ नि । सुगौलीदेखि तो तुमलोग हमारे अण्डरमा छौ । दायाँबायाँ गर्ने कुरा नगर्नू हाँ । यहाँ से गएपछि तुरन्त पुष्पको इधर भेज्नू । उनको अच्छा तरिका से हमीले सम्झाइदिन्छु । पहिलाको जस्तो ज्यादा करान्तिकारीपन नदेखाउनू । पैला तो अप्ना ही ताकतबाट सरखारको प्रमुख बनेको थियो, इस बख्त तो हमीले बनाइदिएछु । तब तो हम्रा खिलाफ मे जानेका कोइ रास्ता छैन । हमीले यो कुरा उनको अच्छा तरिके से सम्झाइदिन्छु ।

**कालो दारी** : ठिक छ । अगर इस बखत पुष्पजीने तपाइँको मन खुस नाबनायो भने तुरुन्त हटाएर हमारे डेउडापतिके अवधीमा ओ सब मिलाइहाल्छौँ । फिकर गर्ने जरूरत छैन ।

**सेतो दारी** : ना ना ना । इसीके हाथसे ओ काम फत्ते गर्नु पर्छ । बाद के कुरा बादमे हुँदै जान्छ । अभि इसी बख्त कोइ न कोइ समझ्दारी गर्नु पर्छ हाँ । ओ सबै मिलाएर मात्र उनको इधर भेज्नू ।

**कालो दारी** : ओ के । आपके जो आज्ञा छ, ओ हमलोग पूरा गर्छौं । प्रणाम ।

११ भदौ २०७३

kailubraha73@gmail.com

### कोलम्बियामा पाँचदशक लामो फार्क सशस्त्र संघर्षको अन्त्य ?

# कोलम्बियाली सरकार र फार्क विद्रोहीबीच शान्तिसम्झौता

■ **केशरमणि कटुवाल**

'शान्ति' असाध्यै प्यारो शब्द । संसारका धेरै मान्छेको मुखमा झुण्डिने तर, कमै मान्छेले मात्रै व्यवहारमा लागु गर्ने शब्द पनि हो- शान्ति । संसारमा सबैभन्दा बढी शान्ति र लोकतन्त्रको कुरा सायद अमेरिका र पश्चिमा राष्ट्रले नै गर्दछन् । तर, आज उनीहरुकै कारण सबैभन्दा धेरै अशान्ति र हिंसा मच्चिएको छ । इराक, अफगानिस्तान पछिल्ला दिनमा सिरिया, यमनलगायतका देश, लेबनान, प्यालेष्टाईन र इजराजयलको संघर्षको केन्द्रमा जहिले पनि अमेरिकासहितका पश्चिमा राष्ट्रहरु नै सामेल भए । सन् २०११ मा सिरिया, इजिप्ट, लिबियालगायतका देशमा सुरु भएको आन्दोलनका पछि पश्चिमा राष्ट्रको ठूलो डिजाइन रहेको कुरा समयसँगै छर्लङ्ग भयो ।

कुनै पनि मानिसको ५२ वर्षको उमेर, कुनै देशको ५२ वर्षको समय धेरै महत्वपूर्ण र महंगो छ । पछिल्ला आधा शताब्दीमा विश्वका कतिपय देशले आफ्नो विकासको गतिलाई चरमचुलीमा पुऱ्याउन सफल भएका छन् भने कतिपय तेस्रो विश्वका देशहरु साम्राज्यवादका पक्षधर र साम्राज्यवादविरोधी तप्कामा आफूलाई उभ्याउँदा उभ्याउँदै आन्तरिक र बाह्य हस्तक्षेप र द्वन्द्वको सिकार भएर धेरै पछि परेका पनि छन् । नेपालमा निरंकुशताको अन्त्य र प्रजातान्त्रिक शासन प्रणाली स्थापना भएको ६६ वर्ष पुगेको छ । तर, कहिल्यै पनि यहाँका राजनीतिक दलका नेताले सचेततापूर्वक आफ्नो खुट्टामा उभिएर राष्ट्र हाँक्ने हिम्मत नगर्दा हामी अझै विकासको चरणमा प्रवेश गर्न सकेका छैनौं । यस्तै थुप्रै देश छन्, जहाँ आन्तरिक किचलोका कारण राष्ट्र सँधै ओझेलमा नै पऱ्यो । त्यस्तै देशमध्ये एउटा हो, कोलम्बिया । कोलम्बियामा सबैभन्दा ठूलो विद्रोही संगठन फार्क करिब ५२ वर्ष लामो गृहयुद्ध अन्त्य गर्न सहमत भएसँगै शान्ति सम्झौतामा हस्ताक्षर भएको छ । शान्ति सम्झौताको इमान्दारितापूर्वक कार्यान्वयनको सुरुआतबाट मात्रै संघर्षका अन्त्य हुनसक्छ । जे भएपनि कोलम्बियामा पाँच दशकदेखि जारी वामपन्थी फार्क विद्रोहीको गृहयुद्ध औपचारिक रूपमा अन्त्य भएको छ ।

**शान्ति सम्झौता**

करिब चार वर्षअघिदेखि जारी वार्ता प्रक्रियासँगै वामपन्थी विद्रोही समूह फार्क र सरकारबीच युद्ध अन्त्य गर्दै शान्तिपूर्ण ढंगले सबै समस्याको हल खोज्ने कुरामा सहमति जुटेको हो । वार्ता प्रक्रिया सफल भएसँगै ५२ वर्षको युद्ध अन्त्य हुने खुसियालीमा हजारौ कोलम्बियन जनताले सडकमा उत्रिएर खुसियाली मनाउँदै शान्ति सम्झौताको स्वागत गरेका छन् । कोलम्बियामा ५२ वर्ष चलेको गृहयुद्धका कारण करिब २ लाख ६० हजारको मृत्यु भइसकेको छ भने हजारौं विस्थापित भएका छन् । कोलम्बियामा युद्धका क्रममा हरेक १० जना कोलम्बियालीमध्ये एक जना आन्तरिक शरणार्थीको रूपमा जीवन विताउन बाध्य छन् । शान्ति सम्झौता भएसँगै कोलम्बियाका राष्ट्रपति जुवान म्यानुअल सान्तोषले युद्धका कारण दुःख र विछोड हुने प्रक्रिया अन्त्यको सुरुवात भएको बताएका छन् ।

कोलम्बिया सरकार र फार्क विद्रोहीले शान्ति सम्झौतापछि जारी गरेको संयुक्त विज्ञप्तीमा भनिएको छ, 'सरकार र फार्कबीच भएको शान्ति प्रक्रियाका क्रममा हामी पूर्ण रूपमा निष्कर्षमा पुगेका छौं ।' क्युबामा सम्पन्न शान्ति सम्झौतामा कोलम्बियन सरकारको वार्ता टोली प्रमुख हुम्बेर्टो डे ला कल्ली र फार्क वार्ता टोलीका प्रमुख इभान मारक्वेजले हस्ताक्षर गरेका छन् । कोलम्बियामा दुई वर्षसम्म भएको गोप्य वार्ता र संवाद तथा चार वर्षको औपचारिक वार्ताको परिणामस्वरूप शान्ति सम्झौता भएको हो । 'हामी हाम्रो लक्ष्यमा पुगेका छौं', सरकारी वार्ता टोलीका प्रमुख डे ला कल्लीले भने, 'युद्ध अन्त्य भएर नयाँ प्रक्रियाको सुरुवात भएको छ । यो सहमतिले समावेशी समाज निर्माणका लागि ढोका खोलेको छ ।'

फार्क विद्रोही समूहका वार्ता टोलीका प्रमुख इभान मारक्वेजले आफूहरूले कोलम्बियामा शान्ति स्थापनाको सबैभन्दा सुन्दर युद्ध जितेको प्रतिक्रिया दिएका छन् । कोलम्बियामा वामपन्थी फार्क विद्रोहीले सन् १९६४ देखि लगातार छापामार युद्ध सञ्चालन गर्दै आएको थियो । शान्ति सम्झौताका लागि २ नोभेम्बर २०१२ मा शान्ति वार्ताको सुरुआत भएको थियो । फार्क विद्रोही समूहले सञ्चालन गरेको गृहयुद्ध ल्याटिन अमेरिकी क्षेत्रको सबैभन्दा लामो र पुरानो युद्ध समेत हो । शान्ति सम्झौतासँगै फार्क विद्रोही संगठनले आफ्नो वेबसाईटमा लेखेको छ, 'शान्तिका लागि ५१ वर्षको संघर्ष ।'




**को हुन् फार्क विद्रोही ?**

कोलम्बियाको सबैभन्दा ठूलो वामपन्थी विद्रोही संगठन रिभोल्युसनरी आर्मड् फोर्सेस अफ कोलम्बिया (फार्क) लामो समयदेखि युद्धरत संगठन हो । फार्क विद्रोही संगठन सन् १९६४ मा मार्क्सवाद-लेनिनवादलाई आफ्नो पथप्रदर्शक सिद्धान्त र मुख्य राजनीतिक विचार मान्दै स्थापना भएको हो । यसका मुख्य संस्थापक सामान्य किसान र खेती गर्ने वर्गका व्यक्ति थिए । उनीहरुले त्यसबेलाको कोलम्बियामा चरम रहेको असमानता विरुद्धमा संगठित रुपमा संघर्ष सुरु गरेका थिए । फार्कसँग केही सहरी संगठन समूह र ग्रामीण गुरिल्ला समूह थिए ।

**कति थिए लडाकु ?**

फार्क विद्रोही संगठनमा कम्तिमा पनि ६ देखि ७ हजार सक्रिय भूमिगत सैनिक थिए । फार्क सपोर्ट नेटवर्कमा करिब ८ हजार ५ सय सहभागी थिए । सन् २००२ सम्ममा फार्कमा करिब २० हजार सक्रिय लडाकुहरु रहेको भएपनि त्यसपछि



फार्क विद्रोहीले युद्धका क्रममा नराम्रो धक्का खान पुग्यो । त्यससँगै फार्क लडाकुहरु पलायनसमेत भए । सन् २०१२ मा शान्ति वार्ता प्रक्रियाको सुरुवातसँगै फार्क लडाकु संगठनमा आबद्धहरुको संख्या घट्यो । फार्क लडाकुमा एक तिहाई महिला रहेका छन् । त्यहाँ पुरुषभन्दा महिला लडाकु बढी कट्टर हुने गरेको पाइन्छ । फार्कले कोलम्बियामा साना साना लडाकु समूहदेखि ठूला समूह समेत निर्माण गरेको थियो । फार्कको यो सिंगो संरचनालाई दर्जनबढी शीर्ष नेताहरुले नेतृत्व प्रदान गरेका थिए । यी सबैको नेतृत्व एलियास तिमोचेन्को नामबाट परिचित फार्क नेता रोड्रिगो लण्डोनो इचेभेरीले गर्दथे ।

**किन फार्कले हतियार उठाए ?**

विचारको कुनैपनि रुपका विरुद्ध पनि कोलम्बिया सरकारले विध्वंसात्मक कारबाही गर्न थालेको समयमा फार्क विद्रोही संगठन जन्मिएको हो । कोलम्बियामा ठूलो असमानताको बिचमा फार्क समूहले संघर्षको थालनी गरेको हो । जहाँ देशको जमिनको ठूलो हिस्सा सानो कुलिन वर्गको स्वामित्वमा छ । कोलम्बियाका शासकवर्गले ऋण तिर्नका लागि १९ औं शताब्दीको अन्त्य र बीसौं शताब्दीको सुरुवाती वर्षमा नै निजी धनाढ्यहरुलाई ठूलो जमिनको क्षेत्र बेचेका थिए । सन् १९५० को दशकमा क्युवाको क्रान्तिबाट प्रेरित भएर र उनीहरुले अधिकार र जमिनमाथि आफूहरुको हक स्थापित हुनुपर्ने माग गरे । कम्युनिष्ट आदर्शअनुसार नै उनीहरुले जमिन्दार र राज्यलाई जमिनमाथिको एकाधिकार अन्त्यका लागि दबाब दिए । तर, उनीहरुको कम्युनलाई ध्वस्त पार्नका लागि सेना पठाइयो । त्यसपछि फार्कले सेनाका विरुद्ध सेना निर्माण गर्दै कोलम्बियामा सशस्त्र संघर्ष गर्ने निर्णय गरेको थियो ।

**कोलम्बिया फार्क विद्रोहअघि शान्त थियो ?**

कोलम्बियामा धेरै लामो समयअघि नै सशस्त्र संघर्ष सुरु भएपछि धेरैको मनमा त्यसअघि त शान्त थियो होला भन्ने प्रश्न उठ्न सक्छ । तर, कोलम्बियामा फार्क जन्मिनुअघि पनि १० वर्षसम्म गृहयुद्ध चलेको थियो । त्यस संघर्षका क्रममा करिब २ लाख देखि ३ लाखसम्म मानिसहरु मारिएको अनुमान छ । सन् १९४८ मा लिबरल पार्टी नेता तथा चर्चित राष्ट्रपतिका उम्मेदवार जर्ज इलिसेर गाइतानको हत्यापछि हिंसा सुरु भएको थियो । राजधानी बोगोटामा उनको गोली हानी हत्या भएपछि उनका समर्थक र कन्जरभेटिभ पार्टीका समर्थकबीचको भिडन्तले १० वर्षसम्म द्वन्द्व निम्त्याउँदा ठूलो संख्यामा मानिसहरुको ज्यान गएको हो । फार्क नेता म्यानुअल सुरेसोट मारुलान्डा त्यसबेलाको संघर्षमा लडेका व्यक्ति हुन् ।

**को जोडिन्थ्यो फार्कमा ?**

मानवअधिकारवादी संस्थाले फार्क विद्रोहीलाई जबर्जस्ती लडाईमा सामेल गराएको आरोप लगाउँदै आएका थिए । तर, फार्कले आफ्नो संगठनमा लाग्ने सबै स्वेच्छाले लागेको जनाएको छ । सन् २०१६ को मेमा सार्वजनिक एक तथ्यांकअनुसार फार्कमा २१ जना बच्चा १५ वर्षभन्दा कम उमेरका रहेको पाइएको थियो । फार्कमा लाग्ने अधिकांश कार्यकर्ता र लडाकुहरु राज्यको कुनै उपस्थिति नदेखिने ग्रामिण क्षेत्रका गरिब, किसान र आधारभूत समुदायका नागरिक सहभागी हुने गरेका थिए । फार्कको सुरुवात नै किसान वर्गको अधिकारका लागि भएकाले यो वर्गको फार्कसँग अपनत्व जोडिएको थियो । तर, कोही हतियार लिनका लागि मात्रै पनि फार्कमा आवद्ध हुने गरेको र पछि छाड्ने गरेको पाइएको छ । लडाई मार्क्स र चे ग्वेभारासँग प्रभावित लडाकुहरुले किसान वर्गका लागि सुरु गरेका थिए ।

**फार्कको लडाई को सँग ?**

फार्क विद्रोहीको लडाई मुख्यगरी कोलम्बियन सरकार र त्यसको रक्षाका लागि उभिएको सुरक्षाफौजसँग चल्दै आएको थियो । उनीहरुले प्रहरी क्याम्प, सुरक्षा पोस्टमा आक्रमण गर्नुका साथै विद्युतीय धराप समेत विस्फोट गराउँदै आएका थिए । फार्क विरुद्ध फिरौतीका लागि अपहरण गरेको आरोप लाग्ने गरेको थियो । तर फार्कसहित अन्य विद्रोही संगठनपनि कोलम्बियामा रहेकाले सबैभन्दा प्रभावी संगठन भएका कारण यसमाथि नै आरोप लगाइन्थ्यो । सन् १९९८ मा फार्कले कब्जामा लिएका प्रहरी अधिकारी लुईस मेन्डेटालाई शान्ति प्रक्रियाको सुरुवातसँगै रिहा गरेका थिए ।

**आर्थिक अवस्था**

फार्क विद्रोही संगठन संसारकै धनी संगठनमध्ये एक मानिन्छ । यति लामो समयसम्म गुरिल्ला युद्ध सञ्चालनका लागि कम रकमले अवश्य पनि पुग्दैन । त्यसैकारण यसलै आर्थिक संकलनका लागि वैध र अवैध दुवै प्रक्रिया अबलम्बन गरेको पाइन्छ । छापामार कमाण्डरहरुमाथि ठूलो मात्रामा धनराशी जम्मा गरेको अभियोग लाग्ने गरेको छ । तर उनीहरुले यो आरोपलाई अस्वीकार गर्दै आएका छन् । कोलम्बियामा कोकिनको धेरै उत्पादन हुने गर्दछ । यसको कारोबार र करमार्फत ठूलो आय हुने गर्दछ । दक्षिण अमेरिकी क्षेत्रका विद्रोही र भूमिगत संगठनहरुले यसलाई आय क्षेत्रका रुपमा प्रयोग गर्दै आएका छन् । चन्दा पनि फार्कको एक प्रमुख आय क्षेत्र हो ।


**शान्ति प्रक्रियामा किन सामेल भयो फार्क ?**

फार्क विद्रोही समूह पछिल्लो समयमा युद्धका मोर्चाहरुमा पराजीत हुदै गएको मात्रै थिएन, यसका केही ठूला कमान्डरसमेत मारिए । फार्क विद्रोहीविरुद्ध लडाईका लागि अमेरिकालगायतका पश्चिमा शक्तिले ठूलो लगानी गरेका थिए । यसैबीचमा फार्कका केही शीर्ष नेताहरु मारिनुका साथै केही नेताको प्राकृतिक रुपमा पनि मृत्यु हुने क्रम पछिल्ला डेढ दशकमा भयो । सन् २००८ मा वरिष्ठ नेता राउल रेयेसको बम विस्फोटमा मृत्यु भयो भने यसका संस्थापक म्यानुअल मारुलान्डाको प्राकृतिक रुपमा नै मृत्यु हुन पुग्यो । सन् २०११ मा अल्फोन्सो कानोको पनि एक बम हमलाका क्रममा मृत्यु भयो । उनी संस्थापक नेता म्यानुअलपछि फार्कको नेतृत्व गरेका नेता थिए । पछिल्लो दशकमा फार्क छापामारको संख्यामा पनि ठूलो मात्रामा कमी आयो । तर, फार्कका नेताहरुले भने आफूहरु शान्तिको पक्षमा भएको भन्दै पछिल्लो समयमा शान्ति प्रक्रियामा सामेल भए । औपचारिक वार्ताको चार वर्ष र गोप्य वार्ताको दुई वर्षपछि क्युबाको मध्यस्थतामा फार्क विद्रोही र सरकारबीच शान्ति सम्झौता सम्पन्न भयो ।

**शान्ति प्रक्रिया सफलताको चुरो कुरो**

आज फार्क विद्रोह अन्त्यका लागि कोलम्बिया सरकार र विद्रोही संगठन फार्क सहमत भएका छन् । शान्ति सम्झौतासँगै दुवै पक्षले अब कोलम्बियामा समाबेशी समाज निर्माणका लागि ढोका खुलेको प्रतिक्रिया दिएका छन् । यसै क्रममा हामीले नेपालको शान्ति प्रक्रियाको नमुनालाई पनि यहाँ प्रस्तुत गर्नु वान्छनिय हुनेछ । शान्तिको उत्कट नेपाली चाहनालाई पूरा गर्नका लागि २०६३ सालमा नेपालमा पनि शान्ति प्रक्रियाको सुरुवात भएको थियो । तर, नेपालमा भएको १० वर्षे युद्धको मुख्य नेतृत्व नै शान्ति प्रक्रियाको आधारभूत मान्यताबाट विचलित हुँदा शान्ति प्रक्रियाको त सम्मानजनक सम्पन्न हुन सकेन । सिंगो माओवादी आन्दोलन नै तहसनहस बन्न पुगेको वर्तमान अवस्था छ । संविधानसभाको पहिलो निर्वाचन र संसद छिरेपछि भएका हरेक गतिविधि, सेना समायोजन, सहिद, घाइते, अपांग, वेपत्तालगायत सबै द्वन्द्वपीडितको सहि व्यवस्थापन हुन सकेन । यसले सिंगो नेपालको माओवादी आन्दोलन टुक्रा टुक्रामा विभाजित बन्न पुग्यो । वर्ग स्वार्थभन्दा व्यक्तिगत स्वार्थ, समाजसेवाभन्दा आत्मसेवा, तपाईभन्दा मपाई प्रवृत्ति माओवादी पार्टीभित्र हाबी हुन पुग्यो । माओवादी आन्दोलनबाट आएको एक हिस्सा संसदवादमा पतन भएको छ भने एउटा ठूलो हिस्सा फेरि जुर्मुराउँदै गरेको अवस्था छ । यसभित्र कसको भूमिका कहाँ र कस्तो भयो भन्ने कुरा आम राजनीतिक चेतना भएका र माओवादी आन्दोलनसँग जानकारी राख्नेका अघि घाम जतिकै छर्लङग छ । यो केवल संकेतमात्रै हो ।

झण्डै ५२ वर्ष युद्ध चलेको कोलम्बियामा युद्धको घाउ पक्कै पनि नेपालको भन्दा गहिरो छ । आज शान्ति प्रक्रियाको सुरुवात गर्दा जुन पवित्र भावनाले गरिएको छ, यो शान्ति प्रक्रिया अन्त्य र त्यसपछिका क्षणमा पनि फराकिलो छाती बनाउन सक्यो भनेमात्रै शान्ति सम्झौताले सार्थकता पाउन सक्छ । नेपालमा जस्तै सधैं युद्धको जिम्मेवार विद्रोहीलाई मात्रै देख्ने, आज शान्ति प्रक्रियामा सामेल भएका लडाकुलाई अपमानपूर्वक छाड्ने, मृतक, घाइते, अपांगलाई युद्धको भारी बोकाउने कोशिस भयो भने पुनः युद्धको बिजारोपण नहोला भन्न सकिन्न । तसर्थ सचेततापूर्वक शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने र सबैको शान्तिपूर्ण सहअस्तित्व स्वीकार गर्न सकेमा मात्रै शान्त, समुन्नत, विकसित, एक ढिक्का एकता र सुन्दर देश निर्माणको परिकल्पना पूरा हुन सक्छ । नेपालमा अभाव भएको मुख्य पाटो यही हो ।



# हाम्रो वेड़मान छिमेकी

पुन्य कार्की

मेरो राष्ट्र यतिखेर एउटा वेइमान, उपद्र्याहा छिमेकीको थिचोमिचोबाट सताइएको छ । यो छिमेकी विवेकमा विश्वास गर्दैन, वलमिच्याइमा विश्वास गर्छ । अरुको सम्प्रभूतामा विश्वास गर्दैन, आफ्नै मूढेबलबुतामा विश्वास गर्छ । ऊ छिमेकीको स्वतन्त्र नागरिक हुने हकमा विश्वास गर्दैन, आफ्ना खुनी नङ्ग्रामा विश्वास गर्छ । यसले इतिहासका विभिन्न कालखण्डमा अपमानपूर्ण ढंगले असमानसन्धि सम्झौताहरु लादेर हाम्रा नदीनालाहरुको पानी आफ्ना भागमा पारेन कि, कोशी सम्झौता, गण्डक सम्झौता, महाकाली सम्झौता गरेर नदीमाथिको हाम्रो सार्वभौम प्राकृतिक अधिकारलाई एकतर्फी रुपमा छिनेन कि, के गर्न बाँकी राख्यो र ? ऊ खुर्दलोटन र लक्ष्मणपुरमा बाँध कस्छ अनि हजारौ हेक्टर नेपाली जमिन जलमग्न बनाउँछ । सिमानाका नेपालीहरु डुबानमा परेर आँसु झार्दा ऊ आनन्दको कित्‌कित्‌ हाँसो हाँस्छ । परपीडनमा रमाउने यो छिमेकी नदीको पानीमा मात्र होइन मन्दिरको पुजारीसम्म राल काढ्छ । ऊ आफूलाई मालिक र नेपाललाई रैतान ठान्छ । कुनै अड्डाले मातहातको कार्यालयमा कारिन्दा खटाए जस्तो दिल्लीबाट यँहाको पशुपतिनाथमा पुजारी खटाउँछ । यँहाको आन्तरिक राजनीतिमा उतारचढाव आउँदा साउथब्लकले विशेष दूत पठाउँछ । हामी यसरी दिनदिनै यो छिमेकीका अगाडि निरीह बनाइँदै छौं । मानौं ऊ गोटी चाल्ने हात हो अनि हामी चेसका प्यादा बनाइँदै छौ ।

ऊ कालापानीमा सेना थुपार्छ । जङ्गेपिलर रातारात उखलेर सिमाना उत्तरतिर सार्छ । कहिले सुस्तामा सुसेली हाल्छ, कहिले मानेभन्ज्याङ्गमा झण्डा गाड्छ । कहिले महेशपुरमा मान्छे कुट्छ । कहिले पशुपतिनगरमा बुट बजार्छ ।

आफ्ना पाठ्यपुस्तकहरुमा, आफ्ना नानीले पढ्ने सामान्य ज्ञानहरुमा 'हमरा उत्तरका सिमना हिमालय पर्वत है' रटाउँछ । लाखौं नेपालीलाई मणिपुर, नागाल्याक, आसाम र इम्फालका जंगलमा घाँस कटाँउछ । ऊ आफ्नो देशको एटलसमा दसगजाको सीमारेखो मेटेर नेपाललाई आफ्नै देशभित्र मिलाउँछ । ऊ यहाँका नेता किन्छ ऊ यहाँका पार्टी किन्छ र सबैलाई भाट बनाउन भरमग्दूर कोसिस गर्छ । ऊ यहाँको भाषा मासेर हिन्दी रटाउँछ । ऊ यहाँको माटो हडप्न उतैको नून चटाउँछ ।

ऊ आफ्नो खेत खनेर अशोक स्तम्भको नक्कली मूर्चल गाड्छ । पुराना इँटालाई खाडलमा पुरेर कृत्रिम लुम्बिनीको खण्डहर तयार तयार गर्छ । त्यसपछि मिडियाहरुमा 'बुद्ध हमरा देशका है' 'लुम्बिनी भारतीय भूमिमा है' को डंका पिटाउँछ । एमआरपीको ठेक्का लिएर ऊ नेपाल र नेपालीका भित्री आन्द्राभुँडी पढ्न खोज्छ । ऊ हरेक दिन करेली, लगाम र जिलकाँटी कसेर ढाडमा नै चढ्न खोज्छ ।

ऊ सुरसाको जस्तो मुख बाएर हर्दम हाम्रा सम्पदा निल्न खोज्छ । हामीलाई ठाँउ कुठाँउ चिल्न खोज्छ । अनि हाम्रो आङको मासु छानीछानी छिल्न खोज्छ । छिल्दैछ यो कहिले टिङ्करमा छिल्छ, कहिले टनकपुरमा छिल्छ, कहिले जनकपुरमा छिल्छ । हाम्रा फुचुमुने नानीहरु ले गुच्छा खेल्ने चौरीमा काँढेतार लगाउँछ । कहिले तेस्रो मुलुकबाट ल्याएको सामानमा गजबार लगाउँछ । नसक्नुको सतमूल्याहा छिमेकी हो यो हाम्रो ।

आफ्नो देशको डँढेलोको चिन्ता छैन उसलाई अर्काको देशको अँगेनाको आगो मार्न हतियार पठाँउछ । यहाँका गरिखाने कुल्लीदरबान मजदुरलाई त के सभासदलाई समेत हाक्काहाकी ज्यान लिने धम्की पठाउछ । हाम्रो पानी लान्छ ऊ र हामीलाई तातो वगरमा सुकाउँछ । ऊ कौडीको दाममा हाम्रो धान लग्छ र हामीलाई महंगो चामल पठाँउछ । हाम्रो तोरी लान्छ र हामीलाई तेलबजारका ग्राहक तुल्याउँछ । हाम्रो भटमास लान्छ हामीलाई स्वायविनका खोस्टा पठाउँछ । हाम्रो सिन्कौली लगेर हामीलाई दालचिनी र बाह्रमसला चटाउँछ । ऊ अति चलाख छ सस्तो दाममा रिठ्ठा लान्छ र महंगो दाममा हामीलाई सावुन बेच्छ हाम्रो सनपाट लगेर हामीलाई धोक्रा बेच्छ । हाम्रो हात्तीबार लगेर हामीलाई डोरी पठाँउछ । हाम्रो चुरे र महाभारत पर्वत शृङ्खला बेरोकटोक उधिनेर दिनको हजारौ ट्रक गीटी वालुवा, ढुङ्गा लगेर ऊ पीच रोड बनाउँछ, हामीलाई बाढी, भूक्षयं र मरुभूमिको दलदलमा डुबाउँछ । हाम्रा सखुवा लगेर ऊ रेलवेको पटरी बनाउँछ । हाम्रो देशलाई दिनदिनै खण्डहरमा रुपान्तरण गर्दैछ हाम्रो छिमेकी । यहाँको चिराइतो, लौंठसल्ला, जटामासी र हजारौं जातका बहुमूल्य जडीबुटी पत्रुको दाममा लगेर महंगो औषधि बनाएर यहाँ निर्यात गर्छ । हाम्रो लाइमस्टोन लगेर ऊ यहाँ सिमेन्टको बजार विस्तार गर्छ । सित्तैमा भने जस्तो बाबियो लान्छ र महंगो दामको कागज यहाँ पठाउँछ । आलु लान्छ चिप्स बनाएर पठाउँछ ।

यो धुन्दुकारी छिमेकीले नेपाललाई कहिले आत्मनिर्भर बन्न दिदैन । यो हामीलाई स्वावलम्वी बनाउन सिकाउँदैन, उल्टो परालम्वी परामुखापेक्षी र परजीवी बनाउन खोज्छ । हामीपनि आलस्यको दास भएर यसकै इसारामा यसकै लैलैमा हिँडिरहेका छौं । स्वाभिमान र स्वावलम्वनको यात्रा ठमठम्ती हिँड्न सकेका छैनौं । आफ्नै वलवुतामा सिर्जना र पौरख गरेर स्वावलम्वी बन्नुपर्ने ठाउँमा उसकै वस्तुका सुताहा उपभोक्ता बनिरहेकाछौं । हामी नजाग्ने हो भने नजाने कति युग सम्म उसकै आशापिशामा बाँच्ने दास भैरहनु पर्छ ।

उसले हाम्रो दाना छिनेर हामीलाई कनिका छरिरहेको छ । त्यही कनिकामा लोभिने चल्ला भएका छौं । स्वाभिभान र आत्मनिर्भरता वेगरको केवल हल्लामा सीमित राष्ट्रबाद भएका छौं । यसरी हामी सही गन्तव्यमा कहिल्यै पुग्न सक्तैनौं । उत्पादनको, सृजनाको, पौरखको, आत्मनिर्भरताको नाउँमा नचढी हामीले उठाउने राष्ट्रियताको आवाजलाई उसले सधैं कुरीकुरी गरिरहन्छ । हामी इतिहासमा जाग्नुपर्ने घडी आएको छ । त्यो उत्पीडनको विरुद्धमा, त्यो अपमान र पीडाँको विरुद्धमा । जसले कहिल्यै पनि हामीलाई एक स्वतन्त्र स्वाभिमानी र सार्वभौम राष्ट्र हुन दिएन । उसका अगाडि हामी लुते र निरीह हुनुका पछाडि हाम्रापनि गम्भीर कमीकमजोरीहरु छन्, ती कमजोरीहरुलाई नहटाइ हामी सार्थक दिसा समात्न सक्तैनौं । इतिहासको यस घडीमा ती कमजोरीलाई पनि उधिन्ने बेला आएको छ ।

अन्तिममा दुईजना कविका कविताांशबाट यो लेखनी बिसाउँछु :-

*हरियो घाँसमा आगो झोस्छ र*
*आन्तरिक मामिला खोस्छ*
*यताका नानीहरुको भाग लिएर*
*उताका तिघ्रेहरुलाई पोस्छ*
*हिउँदमा सबै पानी थुनेर*
*हस्तक्षेपकारी भूमिकाले सोस्छ ।*
*ढुङ्गाले दुवोलाई झैं किच्छ*
*वलत्कारीले नारीलाई थिचे झैं थिच्छ ।*

(**रामविक्रम थापा**)

*........तर प्रत्येक दिन*
*मक्किएको सन्धिको ठुटोमा बास बसेर*
*निरन्तर हाम्रो अभियानलाई टोकिरहन्छन्*
*दिल्लीका मच्छरहरु ।*

*मधेशको गर्मीमा मात्र होइन*
*हिउँले ढाक्ने चीसा लेकहरुसम्म*
*बेग हानेर पुग्ने योजना कोर्छन् उनीहरु*
*स्वाभिमानको एक झप्को निद्रा*
*सुत्न पनि दिँदैनन्*
*आत्मसम्मानको एक झल्को सपना*
*देख्न पनि दिँदैनन्*
*हामी लिपुलेखबाट*
*एकजोडा सेता परेवाहरु उडाउन खोज्छौं*
*उनीहरु हाम्रा परेवाका प्वाँखमा*
*विषालु सुँडहरुले चिल्छन् ।*

(**मातृका पोखरेल**)

## कविता

### तिलाठी



■ रोशन जनकपुरी

धोती
बार झैँ
पस्रिएको छ
सीमामा
सजग
सचेत
दुइतर्फी हावाको
आघातले
धुजा धुजा
भएर पनि,
तिलाठीमा
गएर हेर
राष्ट्रियता
कसरी जीवनसंग
गाँसिएको छ ,
पक्कै
यो,
राजधानीको
कुनै
फाइव स्टार होटलमा
डलर डकारेर
भुसु भुसू
राष्ट्रियता र
देशभक्तिको
पादे बखान होइन,
यो त
चौतर्फी
घरभित्र
बाहिर
सगर
जलाम्य हुँदा
केराको थामहरु जोडेर
पानीमाथि
चुलो बालेर
लालाबाला पाल्ने
आमा जस्तै हो ।
यो
आफ्नो गाउँ घर
पुर्खा र
सन्ततिलाई
डुबानबाट बचाउन
बाँध भत्काउँदा
टाउका फुटाएर
रगताम्य गंजी
र धोती जस्तै हो ।
तिलाठी जाउ,
हेर !
त्यहाँ 'धोती' हरु
राष्ट्रियता र देशभक्तिको
वास्तविक परिभाषा
लेख्दै छन्,
जस्मा हामी छौं र
तिमी पनि ।

*(कवि जनकपुरीको फेसबुकबाट)*

## विचार राजनीति ...

थियो । नयाँ जनवादी क्रान्तिको सन्दर्भमा सामान्तवाद कमजोर भएपनि वैदेशिक प्रतिक्रियावाद असाध्यै तीव्र बन्दै गएको छ । राष्ट्रियताका समस्याहरू हल गर्नुपर्छ । असमान सन्धि सम्झौताहरू खारेज गर्नुपर्छ । यो अहिले होइन हिजोदेखि नै सङ्घर्षको ऐजेन्डा थियो । नयाँ जनवादी क्रान्ति पूरा भएको भन्नु वर्गीय आत्मसपर्णवाद नै हो ।

संसारमा जति हतियार छ, सबै प्रयोग गर्ने हो भने पृथ्वीनै नष्ट हुनेवाला छ । हतियार पनि विभिन्न प्रकारका छन् । जैविक हतियार, रसायनिक हतियार र आणविक हतियार । प्रविधिका अनेकौं विकास भएका छन् । जनयुद्वमा अलिअलि सिकेका छौ भनेर हामी उन्मादित हुनु हुँदैन । बल प्रयोगको सिद्वान्त सही छ । आवश्यक छ । नेपाली समाजको विशेषता अनुसार बन्दुक अनिवार्य बोक्नु छ । राम्रो अध्ययन गर्नु जरुरी छ । जनयुद्व, जनआन्दोलनहरूको पनि गम्भीर संष्लेषण गर्नु पर्छ । अब जनविद्रोह गर्ने हो । जनयुद्वलाई पूर्ण निषेध गर्नु हुँदैन । नेपाली विशेषतामा आधारित जनविद्रोह गर्ने हो । हामी राष्ट्रिय सम्मेलनमा जाँदैछौं । अब राष्ट्रिय सम्मेलनबाट नयाँ प्रकारले कार्यदिशाको विकास गर्नु पर्छ । पहिलेको आर्थिक, सामाजिक क्षेत्रमा भएको परिवर्तनअनुरूप अध्ययन, अनुसन्धान पुगेको छैन । रुस र चीनमा क्रान्ति पछि कसरी प्रतिक्रान्ति भयो ? इन्डिया र फिलिपिन्समा साम्राज्यवादीहरूको व्यापक दमनका बिच पनि क्रान्ति जारी छन् ? असफल र सफल ? अन्तर्राष्ट्रिय र राष्ट्रिय क्रान्तिहरूको समीक्षा गर्नु जरुरी छ । नेपालको सामाजिक आर्थिक दिशा के हो भन्ने बारेमा पनि गम्भीर वहस गर्नु जरुरी छ ।

अब कसरी अगाडि बढेर जाने भन्ने बारेमा सङ्गठन विना सङ्घर्ष हुँदैन । ठूला सङ्घर्षहरू सङ्गठनको बलमा मात्र सम्भव हुन्छ । पहिला सङ्गठनलाई सुदृढ गर्नु पर्छ । जनसङ्घर्षहरु विकसित गर्दै जानू पर्छ । पहिलो अब सुकुम्वासी समस्या बिरूद्व सङ्घर्ष गर्नु जरुरी छ । माथिल्लो कर्णालीको राष्ट्रघाती सम्झौता बिरूद्वको सङ्घर्ष गरौं । कतिपयबाट यसको विरोध गर्ने र पैसा खाने काम पनि भइरहेको छ । यो प्रवृत्ति विभिन्न पार्टीहरूमा देखियो । त्यो प्रवृत्तिको बिरूद्व पनि लड्नु छ । देशैभरी त्यस्तै छ । तामाकोशीको मोडेलमा आयोजना निर्माण गर्नुपर्छ भन्ने आवाज उठिरहेको छ । यो जनता र सरकारको लगानीमा बनाउने मोडेल हो । यो सही छ । यसलाई नै जोड दिनु पर्छ । कोशी ब्यारेजमा पनि त्यही समस्या छ । दोस्रो के हो भने राज्य र जिल्लाले स्थानीय समस्याहरूलाई लिएर वर्गसङ्घर्ष, राष्ट्रियता वा जनजीविकाका समस्याहरू छन् भने पनि ती समस्याहरूसँग लड्नु जरुरी छ । तल्लो निकायले पनि सङ्घर्षका कार्यक्रमहरू विकास गर्नुपर्छ । तेस्रो संयुक्त मोर्चा समिति बन्दैछ । यो मोर्चामार्फत् पनि देशव्यापी सङ्घर्षलाई अघि बढाउनु पर्छ ।

केन्द्रीय समितिले तीनवटा कामलाई जोड दिएको छ । पहिलो विचारसँग सम्बन्धित कार्यहरू । दोस्रो सङ्गठन सम्बन्धी कार्यहरू र तेस्रो आर्थिक व्यवस्थापनका कार्यहरू । प्रतिक्रियावादको विरोध, नवसंशोधवादको विरोध र मार्क्सवादको रक्षामा वैचारिक कामलाई अघि बढाउनु पर्छ । यो संविधान नोकरशाही वुर्जुवावर्गको हतियार हो । यसको विरोध गर्नुपर्छ ।

दोस्रो सङ्गठनको विशेष महत्व हुन्छ । सिद्वान्त र विचारलाई जनता बिचमा लैजाने, प्रयोग गर्ने कार्य सङ्गठनले हो । सङ्गठन निर्माण गर्न सकिएन भने कुनै पनि काम हुँदैन । लामो समयदेखि सङ्गठनात्मक पद्वति विग्रिएको छ । सङ्गठनकै कुरा गर्ने हो भने जिल्ला कमिटिबाट बनाएर मात्र होइन, गाउँसम्म सङ्गठन बनाउनु पर्छ । काम नगर्ने कुनै पनि समिति सदस्यको कुनै अर्थ छैन । सङ्गठनलाई सुदृढीकरण गरौं । सेलसम्म पुगौं । जबसलाई अघि बढाऔं ।

तेस्रो कुरा आर्थिक व्यवस्थापनको काम । यस बारेमा पटक पटक छलफल गर्दै भन्दै आइरहेका छौं । धान्दै र धानिदै आइरहेका छौं । संसदीय पार्टीहरूले सरकारबाट लिन्छन् । हाम्रो सरकारबाट न अन्य क्षेत्रबाट । पार्टी गरिवको तर सञ्चालन धनीले गर्ने प्रवृत्ति विकास हुँदै गइरहेको छ । गरिवको पार्टी धनीहरूले चलाए भने त्यो सैद्वान्तिक र व्यवहारिक दृष्टि दुईटै कुराले खराव प्रवृत्तिको विकास हुने अबसर हो । केन्द्रदेखि स्थानीय तहसम्म लेवी, मौसमी चन्दाको बानी बसालौं । केन्द्रमा एउटा आर्थिक समिति बनाइएको छ, त्यो आर्थिक समितिले एउटा प्रस्ताव तयार पारेको छ । कुनै न कुनै उद्यमसँग जोडिनु पर्छ । राज्य र जिल्लामा एउटा एउटा हुनै पर्छ ।

अन्त्यमा सकिदैन, हुँदैन, कोही छैन भनेर निराशा लिनु हुँदैन । वहस गरौं र विकास गरौं । अब क्रान्तिकारीहरू आशावादी हुनुपर्छ । क्रान्ति आवश्यक र सम्भव छ । आत्मगत स्थिति कमजोर छ भन्दै अविश्वास, आशङ्का गर्नु हुँदैन । परिवर्तनमा, क्रान्तिमा विश्वास गर्ने हो । हामी क्रियाशील हुनु जरुरी छ । विचार, सङ्गठन र व्यवस्थापनलाई ध्यान दिंदै जानु जरुरी छ । उदारवादी कमजोरीहरू सच्चाउनु पर्छ । आलोचना, आत्मालोचना सुरु गरौं । हामीले के विश्वास गरेका छौं भने हाम्रो सानो केन्द्रीय समिति बनाएका छौं । नयाँ छलाङको तयारी गरौं । अबसरवादीहरूले यो कमाण्डमा ध्वस्त पार्ने कोशिस गरेका थिए, तिनीहरूका बिरूद्व तपाईहरूले साहासका साथ लड्नु भएको छ । यसका लागि फेरी धन्यावाद दिंदै पार्टीलाई नयाँ ढङ्गले सञ्चालन गरौं ।

लेखकद्वय हिरमणि दुःखी र राजबहादुर कुँवरको सहयोगमा

## शक्ति बन्दुकको ...

वैदेशिक प्रतिक्रियावाद असाध्यै तीव्र बन्दै गएकोले राष्ट्रियताका समस्याहरू हल गर्न असमान सन्धि सम्झौताहरू खारेज गर्नुपर्ने आवश्यकतामाथि अध्यक्ष किरणले जोड दिएका थिए ।

यसअघि अर्थात् ८ भदौमा मध्यमश्चिम कमाण्डको प्रशिक्षण बुटबलमा सम्पन्न भएको थियो । पार्टीको पछिल्लो विभाजन पछि क्रान्तिकारी माओवादीले पार्टीभित्रको वैचारिक-राजनीतिक,



सांगठानिक र आर्थिक व्यवस्थापनको कामलाई मुख्य जोड दिदै आएको छ । देशैभरका अगुवा कार्यकर्ताहरुलाई कमाण्डस्तरमा जम्मा गरेर क्रान्तिकारी माओवादीले वैचारिक, राजनीतिक, सांगठानिक, संघर्षलगायतका विषयमा प्रशिक्षित गरेको छ । यो वैचारिक राजनीतिक प्रशिक्षणबाट कार्यकर्ताहरुमा र जनतामा समेत रहेका धेरैखाले भ्रमहरु चिरिएको र पार्टीपंक्तिलाई साँगठानिक रुपमा सुदृढ बनाउन निकै ठूलो भूमिका खेलेको नेताहरुले दावी गरेका छन् । पार्टी नेतृत्वले देखाएको सक्रियता र कार्यदिशा विकासका लागि अघि सारेका प्रस्तावनाहरुबाट कार्यकर्तापंक्ति पनि उत्साहित बन्दै आएका छन् ।

## रायमाझी आयोगका ...

बनाइएका व्यक्तिलाई भ्रष्टाचारकै अनुसन्धान गर्ने स्वतन्त्र संवैधानिक निकायको प्रमुख आयुक्तमा नियुक्ति गर्न मिल्ने/नमिल्ने प्रश्नको समाधान नभएको दोस्रो निवेदनमा उठाइएको छ । सर्वोच्चको यो आदेशपछि जनआन्दोलन दबाएको विषयमा सामान्य प्रशासनले तत्कालीन समय मुख्यसचिवबाट मुख्य अधिकृतको रूपमा योजना आयोगमा सरुवा गर्दा लेखेको चलानी नम्बर ६१८ को फाइल र विभिन्न समयमा उमेरसमेत केरमेट गरिएको भनी भएको विवाद जोडिएको फाइल मगाएको हो । सर्वोच्चको शुक्रबारको आदेशपछि कार्कीको अर्को नयाँ विवादमा अदालत प्रवेश गर्ने निश्चित भएको छ ।

पूर्वमुख्यसचिव कार्कीलाई आयोगको प्रमुख आयुक्त पदमा नियुक्त गर्नका लागि संवैधानिक परिषद्ले २०७० वैशाख २२ गते राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । आयोगमा उच्च नैतिकतालगायत अन्य योग्यता नभएका कार्कीलाई सिफारिस गर्न मिल्दैन भनी दायर भएको निवेदन खारेज भएपछि पुनरावलोकन माग गर्दै दर्ता भएको निवेदनमा सर्वोच्चले यस्तो आदेश गरेको हो ।

जनआन्दोलन दमनको विषयमा छानविन गर्न गठन भएको उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १५ राय, ठहर खण्डमा तत्कालिन मुख्यसचिव कार्की दोषी रहेको भनिएको जिकिर निवेदनमा गरिएको थियो । जनधनको क्षति, पदको दुरुपयोग र मानव अधिकार उल्लंघनमा दोषी देखिएकाले निजलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ बमोजिम सजाय हुनुपर्ने ठहर प्रतिवेदनमा गरिएको छ ।

# अन्तिम धक्का: अबको विकल्प



उत्तम सिम्खडा

जनताका नाममा जनतामाथि राष्ट्रिय फुठको खेती गरेर विश्वमै उत्कृष्ट भनिएको नेपालको कथित अस्थिर संविधानअनुसार दोस्रोपटक प्रधानमन्त्री बनेका प्रचण्ड यतिबेला उत्तर र दक्षिणको सन्तुष्टिका निम्ति कार्यरत छन् । उपल्लो कर्णाली, लिपुलेक, कालापानी लगायतका भू–भागमा भएको ती साम्राज्यवादी र विस्तारवादी मुलुकको अतिक्रमण उनीहरुका निम्ति चासोको विषय हिजो पनि बनेन, आज पनि अपेक्षा गर्न सकिन्न । सत्ता कसरी टिकाउने भनेर एउटा सार्वभौम राष्ट्रको कार्यकारी प्रमुख भएर विदेशी दलालहरुको आशिर्वाद लिने प्रचलनको अन्त्य गरी हामीले आफ्नो तरिकाले सञ्चालित हुने शासन व्यवस्थाका पक्षमा दशकौदेखि आवाज उठाइरहनुपर्ने अवस्था छ । यो दर्दनाक र शर्मनाक परिस्थिति हो । नेकपा (क्रान्तिकारी माओवादी)ले यस्तो प्रवृत्तिको दृढतापूर्वक विरोध गर्दै आएको छ। राजनीति सिद्धान्तविहीन भयो भने अन्याय, अत्याचार र भ्रष्टाचार बढ्छ । दशवर्षे माओवादी जनयुद्धको सार देशलाई यो समस्याबाट मुक्त गराउनु थियो । यसका निम्ति जनवादी सत्ता चाहिन्थ्यो । यो सत्तामार्फत् जनताले मुक्ति पाएको अनुभव गर्न सक्थे । उत्पीडित जनताले अपनत्व महसुस गर्न सक्थे । तर युद्धको जुन गन्तव्य थियो, त्यो प्राप्त भएन । स्वदेशी, विदेशी शक्तिका सामु तत्कालीन नेतृत्व कमजोर मात्र बनेन संसदीय भासमा घुडा टेकेर युद्धको मर्म, भावना र उद्देश्य बिर्सियो । यसैको परिणाम हो, हामी जस्ता युद्धमा लागेका र युद्धका निम्ति तयार भएकाहरु फेरि उही अवस्थामा फर्केर युद्धको अबको भविष्यबारे सोच्न बाध्य हुनुपरेको छ।

फेरि पनि युद्ध गर्नुपर्दा यसले देशलाई अवश्य फाइदा गर्दैन । यो थाहा भएर पनि हिजोका सामन्तहरुसँग हात मिलाएर नवसामन्त बनेका शक्ति र समूहले सहज तरिकाले हाम्रो आवाज सुन्न सक्दैनन् । हाम्रा माग पुरा गर्न सक्दैनन् । विकल्प भनेकै फेरि एकपटक अन्तिम धक्का दिनु नै हो । हामीले हिजो धेरै दुःख मात्र पाएनौ, हजारौं नेपाली दाजुभाइ दिदी बहिनी पनि गुमायौं । यसको अर्थ एउटै थियो । भोलि बाँच्नेहरु र आउने सन्ततीले फेरि दुःख पाउन नपरोस् । तर विकासक्रम उल्टो भयो । यसलाई सुल्टो गतीमा फर्काएर फेरि पनि अन्तिम धक्का दिने तयारी गर्नु वा आत्मसमर्पण गर्नुको विकल्प छैन । आत्मसर्पण गर्नु वीरहरुको शब्दकोषभित्र पर्दैन । त्यसैले सके युद्धको बिजय, नसके युद्धमै संस्कार एक योद्धाको महान प्रतिवद्धता हो । प्रतिबद्ध योद्धा यो सिद्धान्तअनुसार अगाडि बढ्छ । हार स्वीकार गर्दैन । राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखेर अन्तिम कसम खानु अबको एकमात्र विकल्प हो ।

हामीलाई हिजोका केही नाइकेहरुले धोका दिए । संगठन र देशप्रति गद्दारी गरे । संसदीय भासको अभ्यासबाट पूर्ण स्वार्थमा डुबे । हिजो देश र जनताप्रति खाएको कसम खरानीमा मिलाए । तर हामीलाई थाहा छ, त्यो युद्ध मैदानमा उनीहरुमात्र थिएनन् । अरु हजारौ यौद्धा थिए । त्यसभित्रबाट देश र जनताको ममता भएका बीर नेपालीहरु पैदा भएका छन् । यिनीहरुको नेतृत्वबाट राष्ट्रले पुनः निकास पाउनेछ । नेकपा (क्रान्तिकारी माओवादी) त्यो निकासको नेतृत्वका निम्ति आफ्नो तयारीमा छ । अबको हाम्रो विद्रोह निकास प्राप्त नगरी अन्त्य हुनेछैन । जनताको आधारभूत अधिकारको सुनिश्चितता मात्र होइन, जनवादी व्यवस्थाअन्तर्गत शिक्षा स्वास्थ्य, रोजगारी, आवास, उत्पादन, वितरण, न्याय, पहुँच प्रतिनिधित्व आदि सम्पूर्ण विषयमा निःशुल्क व्यवस्थापन हाम्रो गन्तव्य हो । जनता आफ्नो देशको समृद्धिका निम्ति काम गर्न तयार छन्, जतनाद्वारा बनेको राज्यसत्ता जनताको काम गर्न तयार नहुने ? हामी यो संरचना भत्काउन चाहन्छौ । यसैले हामीलाई विद्रोहका निम्ति बाध्य पारिएको छ । यसलाई हामीले आफ्नो रहर ठानेका छैनौं । देशलाई माफियावर्गको पञ्जाबाट मुक्त गराउनु हाम्रो कर्तव्य हो । माफियावर्ग कमजोर वा पलायन नभएसम्म जनताको बास्तविक सत्ता स्थापना हुन सक्दैन । जनताको बास्तविक सत्ता स्थापना गर्नु अबको हाम्रो अन्तिम गन्तव्य हो । हाम्रो यो स्पष्ट मार्गचित्रमा लाखौं जनताको साथ, सहयोग र समर्थन प्राप्त हुने विश्वास छ ।

देशमा जतातिर हेरेपनि स्वदेशी, विदेशी दलालहरुको बिगबिगी छ । यसको मलम लगाउनु मात्र होइन, पूर्ण मुक्ति दिलाउनु राजनीतिक कार्यदिशा हो । यो कार्यदिशा अबका निम्ति सम्पूर्ण पीडित नेपालीको साझा कार्यदिशा बन्ने कुरामा विवाद छैन ।

माओवादीलाई छोडेर कसैले नयाँ शक्ति बनाएका छन् । कुनैले पुरानै शक्तिलाई निरन्तरता दिएका छन् । राजनीतिक विचलनको यो चरमोत्कर्ष असहय बन्दै गएको छ । उनीहरुले आफ्नो पृष्ठभूमि बिर्सेर जनताको रगतको अवमूल्यन गरेका छन् । यसको मुल्य चर्को छ । उनीहरुले एकपटक स्मरण गरेर जनताको रगतको मुल्यको सम्मान गर्न आवश्यक छ । यसका निम्ति पनि अन्तिम धक्का अनिवार्य छ । जनतालाई थप सचेत गर्दै यसप्रकारका गलत प्रवृत्तिको भण्डाफोर गर्नुपर्छ । यसले जनतामा जागृति ल्याउँछ । यसको अर्थ विद्रोह सफल हुन्छ ।

## किन बढिरहेको छ ...

उपरीक्षक नविन कृष्ण भण्डारीले जानकारी दिए ।

गत हप्ता मात्रै काभ्रे वितदिउरालीमा २७ जनाको ज्यान जानेगरी डरलाग्दो सडक दुर्घटना भएको थियो । यी दुई ठुला दुर्घटनाका बीच कैलालीमा पाँच र नवलपरासीमा चार जनाको मृत्यु भएको खबर छ।

### भयावह तथ्यांक

नेपाल प्रहरीले उल्लेख गरेको दशवर्षको तथ्यांकलाई हेर्दा दुर्घटनाको भयावह चित्र देखा पर्छ । तथ्याङ्क अनुसार दशवर्षमा सडक दुर्घटनाबाट नेपालमा १६ हजार तीन सय १५ जनाको मृत्यु भएको छ भने एक लाख २० हजार चार सय ५० जना घाइते भएका छन् । वर्षेनी २३ करोड हाराहारीको क्षतिको भार देशले बोक्नुपरेको छ।

पछिल्लो दुई महिनामा मात्र सवारी दुर्घटनामा परी २ सय जनाको मृत्यु र भन्डै ६ हजारको हाराहारीमा यात्रु घाइते भएका छन् । गत वर्षको तथ्यांक मात्र हेर्ने हो भने पनि दैनिक भन्डै ६ जनाले सवारी दुर्घटनाबाट ज्यान गुमाएका छन् । यो भनेको अघिल्लो वर्षको तुलनामा १० प्रतिशत बढी हो ।

### किन भइरहन्छ दुर्घटना ?

सवारीको क्षमताभन्दा अधिक यात्रु बोकेर गुडेका सवारीहरु दुर्घटना बढी पर्ने गरेको प्रहरीको तथ्याङ्कले देखाउँछ । दुर्घटना हुनुमा सिन्डिकेटसँगै सवारी चालक उत्तिकै जिम्मेवार छन् । नेपाल सरकारको कमजोर नियमन र यात्रुहरुले देखाउने गैरजिम्मेवारीपनले सिन्डिकेटवाला र सवारी चालकलाई छुट मिलेको प्रहरीहरु बताउछन् । यातायात व्यवस्था विभागका अनुसार ८० हजार किलोमिटर सडक विस्तार भएको छ । यसमध्ये सवारी साधन कुदुनसक्ने सडक भने १७ प्रतिशत मात्रै हो । यस तथ्यांकबाट पनि स्पष्ट हुन्छ कि नेपालका अधिकांश सडकहरु असुरक्षित छन् ।

नेपालको भौगोलिक अवस्थाका कारण अधिकांश सडक उकालो–ओरालो भएका, साँघुरो घुम्ती भएका, खाल्टाखुल्टी भएका, लेन मार्किङ नभएका, साइड बार नभएका, दुईतर्फी आवत–जावतका लागि सडक नछुटाइएका, साँघुरो लेन भएका छन् । पूर्ण रुपमा इन्जिनियरिङको मापदण्ड पालना नभएकाले पनि सडक दुर्घटनाको जोखिम ज्यादा भएको हो । यसरी सडक संरचनामा कमजोरी भएका कारणले दुर्घटना दिनानुदिन बढिरहेका छन् । यस्तो सडकमा चालकको साना असावधानीले पनि दुर्घटना हुन्छ ।

### रोकथाम गर्न के गर्ने ?

सवारी लाइसेन्समा कडाइ, सडकको दुरावस्थामा सुधार, सवारी सिण्डिकेटको अन्त्य, सवारी साधनको क्षमताको चेकजाँच (पुराना सवारीहरुको विस्थापन), सडक प्रयोगकर्ताको सजगता, नियम कानुन उल्लंघनलाई कडा नीतिको दायरामा ल्याउने काम गर्न सकिएको अवस्थामा सवारी दुर्घटनालाई कम गर्न सकिन्छ । तर यसप्रति सबैभन्दा बढी जिम्मेवार राज्य देखिनुपर्छ । निरन्तर जनचेतना अभियानलाई पनि बढावा दिन जरुरी छ । सबैभन्दा मुख्य कुरा राज्यमेसिनरीमा हुने संस्थागत भ्रष्टाचार र कमिसन नै सडक दुर्घटनाको कारणमध्ये मुख्य भएकोले यसलाई नियन्त्रणसहित निषेध गर्न निकै ठूलो जनदबाबको उठान गर्न जरुरी छ । गुणस्तरीय सडक निर्माण, सवारी लाइसेन्स वितरण, पुराना गाडीहरुको सञ्चालन, सिण्डिकेटवालहरुको बद्मासी, ट्राफिक तथा सवारीसम्बन्धी अन्य ऐन कानूनको कार्यान्वयनमा सरकारी निकायमा हुने संस्थागत भ्रष्टाचार र कमिसन नै मुख्य जिम्मेवार रहेको छ । यसको अन्त्य जनदबाबविना अन्त्य हुने देखिन्न । राजनीतिक पार्टीहरु, नागरिक समाज, पत्रकारलगायत राज्यका सबै जिम्मेवार नागरिक र निकाय यस विषयमा गम्भीर बन्न जरुरी छ ।

# तिब्बतको सीमामा उपस्थिति बढाउँदै अमेरिका र भारत

**काठमाडौं ।** पछिल्ला दिनमा अनेक बहाना बनाउँदै चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा जोडिएको नेपाली भूमिमा अमेरिका र भारतले उपस्थिति बढाएका छन् । गत शुक्रबार मात्रै भारतीय राजदूत रन्जित रे पाँच दिने भ्रमणका लागि भन्दै मनाङ पुगेका छन् । यसअवधिमा राजदूत रे ले भारतीय सरकारको सहयोगमा दूतावासमार्फत् पुनःमर्मत भइरहेको गुम्बा, भूकम्पछि भत्किएका गुम्बाको निरीक्षण तथा प्राकृतिक छटाको अवलोकन गर्ने कार्यक्रम रहेको बताएपनि चीनको सीमा जोडिएको संवेदनशिल स्थानमा अमेरिकी र भारतीयहरुको उपस्थितिलाई लिएर चिनियाँहरु सशंकित हुने गरेको बुझिएको छ ।

तिब्बतसँग सीमा जोडिएको जिल्ला भएकाले रेको मनाङ भ्रमणलाई निकै महत्वका साथ हेरिएको छ । ७ सय वर्ष अगाडि निर्मित यस क्षेत्रको गुम्बा जीर्ण बनेपछि भारतीय सरकारको सहयोगमा करीब ३ करोड रुपैयाँको लागतमा मर्मत भइरहेको बुझिएको छ । यी गुम्बाहरु तिब्बतमा १ सय बर्षअघि १ सय ७ गुम्बा निर्माण हुँदाताका निर्माण गरिएका हुन् । साथै लामा बस्नलाई प्रयोग गर्ने घर पनि निर्माण भइरहेको छ । दूतवासले ७ सय बर्ष पुरानो डावलको गुम्बाको पनि मर्मत गर्न चासो दिएको बुझिएको छ । माथिल्लो मनाङस्थित अन्नपूर्ण माविको छात्रावास भवन निर्माणको लागि शिक्षक अभिभावकले राजदूत रेसंग माग गरेका छन् । यस्तै, भाकामा पर्ने 'आइसलेक', ऐतिहासिक मिलेरेपा गुफा, मनाङको गंगापूर्ण ताल लगायतका ठाउँ घुम्ने कार्यक्रम रहेको हाम्रा स्थानीय प्रतिनिधिले बताएका छन् ।

यसगरी, केही समय पहिले अमेरिकी राजदूत एलाइना बी तेप्लिज १० दिनका लागि मुस्ताङ भ्रमणमा गएकी थिइन् । नितान्त व्यक्तिगत भनिएको भ्रमणमा राजदूत एलाइना चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा क्षेत्र कोरला नाकासम्म पुगेकी थिइन् । जेठ १ गतेबाट उपल्लो मुस्ताङको ६ गाविसका सर्वसाधारण तथा व्यवसायी र तिब्बतका व्यापारीबीच २५ गतेसम्म सीमा क्षेत्रमा व्यापारिक मेला समेत भएको अवसर पारेर उनी त्यहाँ पुगेकी थिइन् । मेलामा दुवै देशका व्यापारी तथा सर्वसाधारण खुलारुपमा सीमा आवत जावत गर्न पाएका थिए । यसरी गरिएका भ्रमणका विषयलाई लिएर राज्य केही बोल्न नसकेपनि छिमेकी राष्ट्र चीनले नेपालको भूमि चीनका विरुद्धमा प्रयोग भइरहेको भन्दै असन्तुष्टी जाहेर गर्दै आएको छ । नेपालले चिनियाँ चासोको सम्बोधन गर्न नसकेकाले पछिल्ला दिनमा चिनियाँहरुको उपस्थिति र दबाब पनि बढ्दै गएको छ । अमेरिका र भारतले नेपालको भूमि प्रयोग गरेर आफ्ना विरुद्ध गतिविधि गरिरहेको चिनियाँ बुझाइ छ ।

## म क्रान्तिकारी ...

छन् । उनले भनेका छन्, "आफ्ना चिने जानेका साथीभाइ, सर्वसाधारण र पाठकहरुमा भ्रम पर्न जाने भएकाले म त्यस पार्टीमा नरहेको सबैमा जानाकारी गराउँदछु । म विगतमा ने.क.पा.-माओवादीको केन्द्रीय सल्लाहकारमा रहेको र हाल ने.क.पा. (क्रान्तिकारी माओवादी) को दृढ समर्थकको रुपमा रहँदै आएको जानकारी गराउँदछु ।"

## जम्काभेट

# चुनौतीहरुलाई क्रान्तिमा बदल्ने आँट र साहस गर्नैपर्दछ



हरिकृष्ण गजुरेल
संयोजक-पूर्वी काठमाडौं जिल्ला संगठन समिति,
नेकपा (क्रान्तिकारी माओवादी)

**➲ माओवादी आन्दोलन निकै कमजोर बनेको यो अवस्थामा संगठन बनाउन कत्तिको चुनौतीपूर्ण छ ?**

क्रान्तिका नायक भन्नेहरु नै प्रतिक्रान्तिका खलनायकमा बदलिएपछि प्रत्याक्रमणको चरणमा पुगेको क्रान्तिले सेटब्याक खान पुग्यो । यसले आम जनतामा मात्र होइन, क्रान्तिकारी नेता र कार्यकर्तामा समेत निराशा पैदा गरायो । परिणामतः विचार उत्कृष्ट हुँदा हुँदै पनि संगठन निर्माणको कार्य साँच्चै गम्भीर र चुनौतिपूर्ण छ । तर पनि सच्चा मालेमावादीहरुले हरेक प्रकारका चुनौतीहरुलाई क्रान्तिमा बदल्ने आँट र साहस गर्नैपर्दछ भन्ने मान्यतालाई आत्मसाथ गर्दै संगठन निर्माणमा होमिएका छौं ।

**➲ क्रान्ति गर्न लायक पार्टी बनाउन कसरी सकिएला ?**

-विचार र राजनीतिमा स्पष्ट, सर्वहारावर्गप्रति प्रतिबद्ध, पार्टी र क्रान्तिप्रति इमान्दार र समर्पित, क्रान्तिकारी स्पिरिट बोकेका व्यक्तिहरु सदस्य रहेको पार्टी संगठनले मात्र क्रान्तिको नेतृत्व गर्न सक्छ । अन्तर्संघर्ष र वर्गसंघर्षको भीषण प्रक्रियाबाट क्रान्तिकारी नेता कार्यकर्ताहरुको जन्म हुने गर्दछ । विचार र राजनीति सही हुनु र नहुनुले सबैथोकको निर्धारण गर्ने गर्छ । हामीसँग सहि विचार र कार्यदिशा छ, यसको जगमा उभिएर हामी नेपालमा नयाँ जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्न सक्छौं ।

**➲ क्रान्तिलाई श्रम र उत्पादनसँग कसरी जोडेर लैजान सकिन्छ ?**

-कम्युनिष्ट पार्टी भनेको श्रमलाई श्रद्धा गर्ने र उत्पादनमा जोड दिने पार्टी हो । क्रान्तिका मुख्य तीन जादुगरी हतियार पार्टी, मोर्चा र सेनाको आवश्यकता र महत्वलाई विशेष जोड दिँदै राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित संघर्षका गतिविधिहरुलाई श्रम र उत्पादनसँगै जोडेर लैजान जरुरी छ । पार्टीलाई आत्मनिर्भर बनाउन सम्बन्धित भूगोल, वस्तुगत र आत्मगत स्थितिका आधारमा जिल्ला पार्टीले कम्तिमा एक नमूना उत्पादन गर्ने नीतिलाई दृढताका साथ कार्यान्वयनमा लैजाने सोच राखेको छ ।

## संक्षिप्त समाचार

### थवाङका वामपन्थी अग्रज वर्मन बुढाको माग

**काठमाडौं ।** रोल्पा थवाङका वामपन्थी अग्रज बर्मन बुढाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर थवाङलाई गाउपालिका केन्द्र बनाउन माग गरेका छन् ।

मगर बाहुल्य बस्तीलाई अलग–अलग गाउँपालिकाको प्रस्ताव गरेको भन्दै उनले रोल्पाका थवाङ, जेलवाङ, कुरेली, मिरुल, उवा र शेरम गाविस मिलाएर एउटै गाउँपालिका बनाउन र त्यसको केन्द्र थवाङलाई बनाउन माग गरेका छन् ।

१५ जनाको प्रतिनिधि मण्डलसहित प्रधानन्त्रीलाई भेट्न बालुवाटार पुगेका बुढाले एउटै भाषा, संस्कृति, मनोभावना, साझा आर्थिक निर्भरता, आर्थिक स्रोत उपलब्धता, प्रशासनिक सुगमता जस्ता अनुकूलताका कारण ६ गाबिसलाई एउटै गाउँपालिका बनाउन माग गरे ।

### धनुषाको अन्दुपट्टीमा क्रान्तिकारी युवा लीग

**जनकपुर ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी युवा लिग अन्दुपट्टी कटरैत गाविसमा प्रमोद मुखियाको संयोजकत्वमा ३० सदस्यीय समिति गठन गरिएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का कन्द्रीय सदस्य तथा मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष रोशन जनकपुरीको प्रमुख आतिथ्य एवं धनुषा जिल्ला सेक्रेटरी खेमराज यादव तथा जवस मोर्चा प्रमुख नन्दकुमार झाको उपस्थितीमा मुखियाको नेतृत्वमा गठन गरिएको हो ।

अन्दुपट्टी कटरैत गाविस समितिको सहसंयोजकमा लक्ष्मण शर्मा ठाकुर रहेका छन् भने सदस्यहरुमा दिनेश मण्डल, अंजय मण्डल, जिवछ मुखिया, रामजीवन मुखिया, किसुन मुखिया, अमेरेन्द्र मुखिया, महेश मण्डल, मनोज मुखिया, बिर्छा मुखिया, राजु मुखिया, रामईश्वर मुखिया, राजकुमार मुखिया, लक्ष्मण मुखिया, शिवशंकर साह, किशोरी मुखिया, सुनिल कुमार साह र जयनारायण मुखिया लगायतका रहेका छन् ।

### इन्जिनियरिङ क्याम्पसमा अखिल क्रान्तिकारीको ताला

**काठमाडौं ।** शुल्कवृद्धि, अनियमितता, विकृतिलगायतका समस्याहरु हल गर्न भनी सातदिने अल्टिमेटमसहित बुझाएको मागमाथि कुनै सुनुवाइ नगरेको भन्दै नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले त्रिभूवन विश्वविद्यालयन्तर्गतका सबै इन्जिनियरिङ कलेजमा अनिश्चितकालीन तालाबन्दी गरेको छ । संगठनकी नेवा राज्य समिति संयोजक ज्ञानु खतिवडाले बुधबार एक विज्ञप्ती जारी गर्दै त्यस्ता कलेजहरुमा तालाबन्दी गरिएको जनाएकी हुन् ।

विज्ञप्तीमा भनिएको छ, "समस्या हल गरियोस् भनी एक हप्ते अल्टिमेटम दिएको तर उक्त समयावधिभित्र यी कलेज प्रशासनले विध्यार्थीका जायज माग पूरा नगराउन आलटाल गरिरहेकाले संघर्षको पूर्व घोषित कार्यक्रम अनुसार तालाबन्दी गरिएको जानकारी गराउँदछौं ।"


**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**

सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३११५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३११५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०४८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०४८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।

## आलोपालो

# ‘नवजात’ पेरिसक्रान्ति र ‘बाल’ जनयुद्ध

**रविकिरण निर्जीव**

‘नवजात’ पेरिसक्रान्ति स्वतःस्फूर्त भए पनि सशस्त्र थियो । नेतृत्व कम्युनिष्ट पार्टीको नभएर श्रमिक र सर्वहारा वर्गको थियो । ‘बाल’जनयुद्ध योजनाबद्ध र सशस्त्र दुवै थियो र नेतृत्व कम्युनिष्ट पार्टी माओवादीको । योजना भनेपनि आकांक्षा भने पनि दुवैका गन्तव्य जनवाद, समाजवाद र साम्यवाद थिए । युद्धशैली एउटाको सशस्त्र कब्जा र अर्काको दीर्घकालीन जनयुद्ध । पेरिस क्रान्ति जनकम्यूनहरुलाई अभ्यासमा (प्रयोगमा) ल्याएपछि ७२ दिन मै पराजित भयो, जनयुद्ध स्थानीय जनसत्ता र कम्यूनका नमुना स्थापित गरेर १० वर्षमा जनवादको मुखै नदेखी समाप्त भयो ।

पेरिस क्रान्ति श्रमिक र सर्वहारा वर्गको पुँजीवादको मेरुदण्डमै प्रहार र विजयको घटना थियो भने जनयुद्ध राज्यका स्थानीय एवं सैनिक अखडाहरुमाथिको आक्रमण र जित-हार दुवै घटना थियो । पेरिस क्रान्तिले क्रान्तिको उपलब्धि र श्रमिक-सर्वहारा चेतनालाई सम्बर्द्धन र संरक्षण गर्न सकेन तर जनयुद्धले भने सामन्तवादका अवशेषहरुलाई नष्ट गर्दै क्रान्तिचेत तिखार्दै गयो ।

पेरिस क्रान्तिले सरकार प्रमुख थिएरलाई विस्थापित गरेर पेरिसका कम्यूनहरु बनाउन सफल रह्यो भने जनयुद्ध राजा ज्ञानेन्द्रलाई कहिले विस्थापित गर्ने कहिले उपयोग गर्ने द्वैध नीतिमा अल्मलियो । आखिर उपयोगको नीति विफल भएपछि जनआन्दोलनलाई साथमा लिएर, नेपाली काँग्रेस र एमालेलाई मनाएर, राजतन्त्र ढाल्ने मुख्य शक्ति बन्यो ।

पेरिस क्रान्ति सर्वहारा वर्गको अधिनायकत्वको विश्वको पहिलो राज्यमात्र बनेन अन्तर ष्ट्रिवादको प्रेरेक केन्द्र पनि बन्यो । यो श्रमिकहरुको आर्थिक मुक्तिको अपार स्रोत बन्यो । यत्ति मात्र होइन, यो भावी साम्यवादी समाजको प्रेरणाको निधि समेत बन्यो तर जनयुद्ध प्रारम्भ र पूर्वार्द्धमा किसान मजदूर र उत्पीडित वर्गको उत्साह र आशाको किरण बने पनि उत्तरार्द्ध र अन्त्यमा निराशा र दुःखको अन्धकार बन्यो ।

सन् १८७१ को पेरिस क्रान्ति क्रान्तिकारी सिद्धान्तभन्दा भावनात्मक वलिदानबाट ओतप्रोत भएकाले त्यसले क्रान्ति र कम्यूनहरुलाई समृद्ध र सवल बनाउन त सकेन-सकेन, किन्तु बचाउन पनि सकेन । पुँजीपतिहरुले प्रतिक्रान्ति गरेर त्यसलाई उल्ट्याई नृशंस र विभत्स किसिमले क्रान्ति र कम्यूनहरुका संस्थापक र हजारौं सर्वहारा श्रमिकहरुको सामूहिक हत्या गरे । वन्दी, क्रान्ति र कम्यून पक्षधरहरुको पनि त्यसरी नै हत्या गरे । विद्रोहीहरुलाई अपराधीको रुपमा मुद्दा लगाई चरम यातना दिई यातनालयहरुमा राखे । जनयुद्धको वेलामा राज्य र विद्रोही दुवैपक्षले एकअर्काका सेना, प्रहरी, कर्मचारी, राजनीतिकर्मी, समर्थक, सर्वसाधारण हजारौं मानिसहरुलाई हत्या, वेपत्ता, घाइते आदि कुकर्मको शिकार बनाए । परस्परमा पाशविक हत्याहरु गरिए । तुलनात्मक रुपले विद्रोहीभन्दा राज्य अमानवीय र क्रूर बन्यो । पेरिस क्रान्तिको बेलामा श्रमिक-सर्वहाराहरु पुँजीपतिप्रति उग्ररुपले क्रूर भएनन् तर पुँजीपतिहरु प्रतिक्रान्ति गर्दा यतिसम्म क्रूर भए कि दिनदाहाडै विद्रोहरुलाई छुरी हानेर मार्दै तिनीहरुको रगतले छ्यापाछ्याप गरेर समेत हिंडे । पेरिसका पुँजीपतिहरुले त्यहाँका श्रमिकप्रति त्यो बेला जति उग्र र लज्जास्पद प्रतिशोध साधना गरे, त्यो ‘न भूतो न भविष्यति’ प्रतिशोध जस्तो थियो ।

राजा, सामन्तवाद र प्रतिकृयावादी पार्टी-संगठनहरुलाई एकैचोटी हमला गरेर त्यसमाथि

> “क्रान्तिका मुख्य औजार क्रान्ति, सिद्धान्त, पार्टी, सेना र संयुक्त मोर्चा समान किसिमले सवल नहुने पेरिस क्रान्ति त विफल भयो, भइहाल्यो तर यी सबै सशक्त हुने जनयुद्ध किन आत्मसमर्पणमा परिणत भयो ? “मार्क्सवाद थुक्तै” र कमिजबाट सहिदहरुको रगत पुछ्दै बावुराम कहा‘ गए ? प्रचण्डले “सैन्य युनिफर्म” कहा‘ फाले ? युद्ध र पार्टीका नेतृत्वहरुको जीवन रक्षार्थ जनयुद्ध विसर्जन गरिएको हो”

विजय हासिल गरी जनवाद लागू गर्ने लडाईं सम्भव नभएपश्चात् जनयुद्ध राजालाई मात्र ढाल्ने योजनाले सशस्त्र सङ्घर्षबाट शान्तिपूण संघर्ष, संसदीय-पार्टी एकता गर्न अभिमुख भयो तर पेरिस क्रान्ति यस्तो थिएन, त्यसले त आकस्मिक र आश्चर्यजनक रुपले पेरिसका सत्ताधारी र पुँजीपतिहरुमाथि हमला र विजय गरी कम्यून स्थापना गर्न सकेको थियो तथापि अनुभवको कमीले गर्दा क्रान्ति र कम्यून गुमाउन परेको थियो । नेपाल र जनयुद्धबारे कुरा वेग्लै थियो । जनयुद्धले दीर्घकलीन क्रान्ति वीचमै तुहाइ संसदीय पार्टी र क्रान्तिविरोधी वैदेशिक शक्तिको पोल्टामा आफ्नो संघर्षलाई हालेको थियो र सत्ता, शक्ति र सुखको स्वर्गमा पुग्ने आकाँक्षा राखेको थियो । भोलि प्रत्युत्पादक हुने आभास आज पाइए पनि त्यो ‘स्वर्ग’को उपभोगमा माओवादी नेताहरु रमाइरहेका छन् । यी यथार्थहरुको अवलोकन गर्ने शोषित र दलित जनताहरु भन्छन्- ‘वास्तवमा जनयुद्ध बाहना रहेछ ।’ त्यो अक्टोवर क्रान्ति र चिनियाँ जनक्रान्ति जस्तो रहेनछ ।’ उनीहरु भन्छन्- ‘जनयुद्ध’का पदचिन्ह तथा त्यसका बलिदानीहरुलाई कुल्चिएर हिंड्ने कमाण्डर हरुलाई ‘जनयुद्ध’ पदावली दोहोर्‍याइरहने हक छैन ।’

क्रान्तिका शुभचिन्तकहरुका मनमा एउटा जिज्ञासा र पीडा उठिरहेको छ- ‘क्रान्तिका मुख्य औजार क्रान्ति, सिद्धान्त, पार्टी, सेना र संयुक्त मोर्चा समान किसिमले सवल नहुने पेरिस क्रान्ति त विफल भयो, भइहाल्यो तर यी सबै सशक्त हुने जनयुद्ध किन आत्मसमर्पणमा परिणत भयो ? ‘मार्क्सवाद थुक्तै’ र कमिजबाट सहिदहरुको रगत पुछ्दै बावुराम कहाँ गए ? प्रचण्डले ‘सैन्य युनिफर्म’ कहाँ फाले ? युद्ध र पार्टीका नेतृत्वहरुको जीवन रक्षार्थ जनयुद्ध विसर्जन गरिएको हो’ भन्ने कुरा पत्यार गर्न उनीहरुका क्रियाकलापले नै दिदैनन् ।

पेरिस क्रान्ति र जनयुद्धका जस्तोसुकै सफलता विफलता भए पनि तिनले हामीलाई छाडेर गएका सन्देश र शिक्षाहरु के हुन सक्लान् त ? पेरिसका जनताले पेरिस क्रान्ति गरेपछि कम्यून भोग गर्न नपाए पनि पेरिस कम्यून सर्वहारा वर्गको सदा प्रकाशस्तम्भ भएर उभिएको छ र यसैको उज्यालोमा संसारका ठूल्ठूला जनक्रान्ति भए र हुँदैछन् । पेरिस क्रान्ति र कम्यूनका वीर वीराङ्गनाहरु (Louis Rossel / Phiers) का पराक्रमहरुले क्रान्तिकारीहरुलाई सँधैं प्रेरणा दिइरहने छन् । अझ महिलाहरुको योगदान चीस्मरणीय रहेको छ । क्रान्ति पूर्ण तयारी र कुशल व्यवस्थापनविना ‘क्रान्तिको भात पकाउने’ भान्छाघर होइनरहेछ । जनयुद्ध विसर्जन गरे पनि त्यसका आदर्श, सुखद् परिणाम, सुदृढ आधारक्षेत्र, क्रान्तिकारी कार्यकर्ता, अविचल नेतृत्व आदि ‘सम्पत्ति’हरुले हामीलाई लुकाइरहने थिए । एउटा जनयुद्धको प्रकाशस्तम्भ (Light house) ढले पनि नेकपा (क्रान्तिकारी माओवादी)को प्रकाशस्तम्भ र अरु स-साना स्तम्भ (Pillor)हरु खडा छन् । धरहरा ढले पनि अर्को धरहरा उभ्याउन सकिन्छ ।

विजयलेभन्दा पराजयले बढ्ता र महत्ववान् कुराहरु सिकाउँछ ।

# क्रान्तिकारी सेक्युरिटी संघको अध्यक्षमा ठमानसिंह तामाङ



◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

अखिल नेपाल क्रान्तिकारी सेक्युरिटी संघको तेस्रो राष्ट्रिय भेला सम्पन्न भएको छ । भेलाले ३ सदस्य पछि थप्ने गरी ठमानसिंह तामाङको अध्यक्षतामा ४३ सदस्यीय कार्यसमिति चयन गरेको छ । शनिबार ललितपुरको कुपण्डोलमा सम्पन्न संघको भेलाले उपाध्यक्षमा छोटेलाल पटेल, चन्द्रसिंह बडाल, ओम विक, महासचिवमा रमेश रोका, उपमहासचिव रनसुर महतरा, सचिवमा अमृत वल र विनोद बराम रहेका छन् ।

सचिवालय सदस्यमा रामजी बगाले, कृष्ण चौलागाई, डाकुरनाथ भट्ट, सुकदेव अधिकारी छानिएका छन् भने केन्द्रीय सदस्यहरुमा मन्दिका चौधरी, अवधेश पाल, कृष्ण आचार्य, केदार बजगाईं, करण नायर, होम विसी, कृष्णबहादुर थापा, दिपक केसी, भीम सुर्खेती, राजेश थामी, मुरारी रेग्मी, प्रवीण पन्त, रामबाबु दानाकोटी, विनोद श्रेष्ठ, राजन पुडासैनी, उमेश चौलागाईं, शेर बहादुर सिंह, चन्द्र बहादुर श्रेष्ठ, मनकुमारी राई, विपिन कटेल, रमेश दंगाल, अदेश सिंह, राजु यादव, एकराज भेटुवाल, रमेश नेपाली, गजेन्द्र खत्री, केवी मगर र माधव थापा चयन भएका छन् । भेलाले तेजबहादुर गुरुङ संयोजक र दलबहादुर थापामगर र भवानी राउत सदस्य रहेको सल्लाहकार समिति पनि बनाएको छ ।

नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य दिनेश शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलामा पार्टीका केन्द्रीय सदस्य बद्री बजगाईं, इश्वर तिम्सिना, फुर्नाम्गेल मोक्तान, महिला नेतृ इन्दिरा अधिकारी र मजदुर नेता बद्री चापागाईलगायतले शुभकामना मन्तव्य दिएका थिए ।

# मान्छेको पेटमा ४० वटा चक्कु

एजेन्सी- एक भारतीय नागरिकको पेटबाट चिकित्सकले ४० वटा चक्कु निकालेको छ ।

ती ४२ वर्षीय भारतीय नागरिकले तीन महिनाको बिचमा ४० वटा चक्कु निलेका थिए ।

उनले गत सातामात्रै पेटको दुखाईका कारण आफूसँगको सम्पर्कमा आएको डा.जतिन्दर मलहोत्राले जनाएका छन् । उनको पेटबाट सबै चक्कु निकालिएको र अवस्था खतरामुक्त रहेको मल्होत्राको भनाई छ ।

पाँच जना चिकित्सकको टोलीले पाँचघन्टा लामो अपरेशनपछि उनको पेटबाट सबै चक्कु निकालेको थियो । चिकित्सकहरु



उनले कसरी चक्कुहरु निले भनने विषयमा अनुसन्धान सुरु गरेका छन् ।

उनको मानसिक अवस्थाका बारेमा पनि अनुसन्धान भइरहेको तर उनको परिवारले समेत यसबारेमा यकिन जानकारी नदिएको चिकित्सकहरुको भनाई छ ।

मल्होत्राले भने, ‘उनले अब कहिल्यै चक्कु नछुने प्रतिबद्धता जनाएका छन् । तर, उनका परिवारका सदस्यले अनुगमन गर्ने छन् ।












**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं